• वर्ष … बार, चैत २१, २०६५ … K • Nepali National Weekly • Friday, Apr 3, 2009 • पृष्ठ २४ • मूल्य रु. ८/-



# नेपाली खेलकुदको महाकुम्भ

• अजय हमाल

काठमाडौं- मुलुककै ठूलो प्रतियोगिता, बृहत् सहभागिता, नियमित आयोजनाको कमी, यस्तै विशेषता बोकेको राष्ट्रिय खेलकुदको पाँचौं संस्करण सोमबारदेखि काठमाडौंमा प्रारम्भ हुँदैछ। राष्ट्रिय खेलकुदका लागि खेलाडीको झन्डै एक दशक लामो प्रतीक्षा पनि समाप्त हुनेछ। दुई वर्षको फरकमा हुने प्रतियोगिताले निरन्तरता नपाएपछि खेलाडीहरू लामो समय प्रतीक्षा गर्न बाध्य भए। यसबीच बृहत् खेलकुदको अनुभव बटुल्न नपाई कतिपय खेलाडी खेल क्षेत्रबाटै पलायन पनि भए।

ढिलै भए पनि यस पटकको राष्ट्रिय खेलकुद फरक ढंगले आयोजित हुँदैछ। खेल संख्या, खेलाडी र पदाधिकारीको मात्र ठूलो उपस्थिति हुने छैन, अर्को नयाँ टिम पनि देखिनेछ। विभागीय टिमका रूपमा सशस्त्र प्रहरीको एपिएफ क्लबले पहिलो पटक राष्ट्रिय खेलकुदमा सहभागिता जनाउँदैछ। नेपालगन्जमा २०५५ सालमा भएको चौथो संकरणमा पाँच विकास क्षेत्रका टिम, नेपाली सेना तथा नेपाल प्रहरीको टिमको सहभागिता थियो। त्यसभन्दा अघि राष्ट्रिय खेलकुदमा १४ अञ्चलको मात्र सहभागिता हुन्थ्यो। राजदरबार हत्याकाण्डका कारण २०५८ जेठ २१ देखि सुरु हुने प्रतियोगिता पूरा तयारीपछि रोकिएको थियो। नेपाली खेलकुद विकासका लागि आधार मानिएको बृहत् प्रतियोगिताको इतिहास लामो भए पनि त्यसले निरन्तरता पाउन सकेको थिएन।

पहिलो राष्ट्रिय खेलकुद काठमाडौंमा २०३८ साल मा भएको थियो। यसका तीन संस्करणले निरन्तरता पाए पनि चौथो संस्करणका लागि १३ वर्ष कुर्नुपुर्‍यो। विगतमा बजेट अभाव राष्ट्रिय खेलकुद निरन्तरताको बाधक रह्यो।




यस पटकको राट्रिय खेलकुदलाई दक्षिण एसियाली खेलकुदको तयारीका रूपमा लिइएको छ। आगामी जनवरीमा बंगलादेशमा हुने ११ औं सागका लागि खेलाडी छनौट पनि यही प्रतियोगिताले गर्नेछ। यसअघि सागमा समावेश हुने खेललाई राष्ट्रिय खेलकुदमा समावेश गरिन्थ्यो तर यस पटक खेलाडीको बृहत् सहभागितालाई ध्यानमा राखेर ३२ खेल खेलाइँदैछ। पहिलो पटक समावेश खेलका खेलाडी एवं पदाधिकारी हौसिएका छन्।

झन्डै साढे दुई दशक लामो इतिहास बोकेको खेलकुदले पाँचौ सस्करण आयोजना गर्दा नेपाली खेलकुदको गति सजिलै बुझ्न सकिन्छ। सरकारको प्राथमिकतामा नपरेका कारण पनि राष्ट्रिय गौरवसँग जोडिएको खेलकुद सोंचेजस्तो गतिमा अघि बढ्न सकेको छैन।

राष्ट्रिय खेलकुदको प्रमख विशेषता भनेकै एकै

**बाँकी पृष्ठ २२ मा**



## चर्चित ठगी प्रकरण

# एउटाले महिला बनेर र अर्कोले पोसाक फेरेर मुर्ख बनाए

**जितेन्द्र साह**

काठमाडौं– उसको ३ थरीको तस्बिर बरामद भयो। एउटा तस्बिरमा उसले विवाहको सुटमा ढाकाको टोपी लगाएको छ। अर्कोमा साधारण सर्ट, टाई र कालो चस्मा पहिरेका छन्। तेस्रो तस्बिरमा ऊ कम्ब्याट ड्रेसमा देखिएको छ।

ती पासपोर्ट साइजका तस्बिरहरू हेर्दा अलग-अलग व्यक्तिको देखिन्छ। विभिन्न अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, दूतावास र प्रहरी संगठनको प्रतिनिधि बनेर 'ल्यापटप ठगी' गर्ने ३४ वर्षीय अर्जुन भट्टका तस्बिरले एक पटक प्रहरीलाई पनि हैरान पार्‍यो।

ऊ विभिन्न निकायसँग मेल खाने नक्कली नम्बर प्लेटलाई आफ्नो मोटरसाइकल र गाडीमा टाँसेर कम्प्युटर व्यवसायीको फर्ममा पुगी ल्यापटपका लागि बोलपत्र माग्थ्यो। त्यसपछि भुक्तानी गर्ने बहानामा सम्बन्धित निकायको अघिल्तिर लगेर व्यवसायीलाई भित्र प्रवेशका लागि परिचय-पत्र र सामानको बिलको फोटोकपी गर्न लगाएर बेपत्ता हुन्थ्यो।

प्रहरीका अनुसार उसको घरबाट बरामद तीन तस्बिर र एक व्यवसायीको पसलबाट बरामद यी तस्बिर मिलाएर हेर्दा एउटै देखियो। 'ती पासपोर्ट साइजका तस्बिर थिए,' महानगरीय प्रहरी अपराध महाशाखाका अनुसन्धान अधिकृत कृष्णप्रसाद कोइरालाले भने– 'उसको दीर्घकालीन ठगीको योजना रहेछ, यी अलग-अलग तस्बिर प्रयोग गरेर उसले अरूलाई भ्रममा पार्न खोजेको देखिन्छ।'

सबै अनुसन्धानबाट राजधानीको म्हेपीमा प्रकाश/दिनेश भन्ने नाममा डेरा गरी बस्ने गोरखा बुङ्कोट-३ का अर्जुन भट्ट नै ती व्यक्ति भएको ठहर भैसकेपछि पनि प्रहरीलाई कम सास्ती भएन। 'केटाकेटी हो, मलाई पछ्याउने काम नगर, गोली हानिदिन्छु,' भन्दै महिलाको स्वरमा पछ्याइरहेका प्रहरीलाई धम्की दिंदै उसले कल ब्याक गर्‍यो।

भट्टको फोनबाट एउटी महिलाको आवाज आएपछि प्रहरीहरू भ्रममा परे। 'ऊ काठमाडौंबाट भागेर पश्चिम नेपालको विभिन्न स्थान हुँदै तनहुँको आबुखैरेनी पुगेको थियो,' कोइरालाले भने– 'उसले त्यहीँबाट हाम्रो मिस कलको जवाफ दिंदै भारततिर जान लागेको छु, अब दुई-चार महिना नफर्कने भन्दै झुक्याइसकेको थियो।' टेलिकम टावरले राजधानीको सामाखुसी देखाइरहेको त्यही नम्बरबाट महिलाको आवाज आएपछि प्रहरीले परिवारजन एवं मित्रको सहयोगले चैत ६ मा भट्टलाई पक्राउ गर्‍यो।

उसले पक्राउ परेपछि पनि नौटंकी गर्न छाडेन। 'म त युज भएको हो सर,' भट्टले पक्राउ पर्नेबितिकै प्रहरीलाई भन्यो– 'मेरो बोस त महिला हो, उसले ५० प्रतिशत लिन्छे र ५० प्रतिशत मलाई दिन्छे।' त्यसपछि अनुसन्धान अधिकृतहरूले ती महिलालाई देखाउ भन्दा उसले भन्यो– 'ती महिलाको सम्पर्क नम्बर मसँग छैन, उसले सार्वजनिक स्थलबाट फोन गरेर मलाई रेस्टुरेन्टमा भेट्न बोलाउँछे।' उसले दुई-चार दिनसम्म प्रहरीलाई यसरी नै अलमल्यायो।

अनुसन्धान गर्दै जाँदा उसले अन्तमा थकित भएर प्रहरीलाई भन्यो– 'बजारमा १०-१२ हजार रुपैयाँमा खासाको मोबाइल सेट पाइन्छ, त्यसमा भएको भ्वाइस कन्भर्टर प्रविधि प्रयोग गरेर केटाको आवाजलाई केटीको आवाजमा र केटीको आवाजलाई केटाको आवाजमा परिवर्तन गर्न सकिन्छ।'

'नभन्दै उसले हाम्रै अगाडि त्यसै गरेर देखायो, उसले केटा भएर बोलेको आवाज दुरुस्त त्यही शब्दमा महिलाको आवाज हामीसम्म आइपुग्यो,' महाशाखाका अधिकृत कोइरालाले भने, 'भट्टको प्राविधिक ज्ञान र सोचले हामीलाई पनि हैरान पार्‍यो, उसले वास्तविकता नखोलेको भए हामी त्यो महिलालाई खोजेको खोज्यै हुन्थ्यौं।'

व्यवस्थापन संकायमा स्नातक तह उत्तीर्ण भट्टले बानेश्वरस्थित अमेरिकी सेन्टरमा करार सेवामा 'सूचना विश्लेषक' का रूपमा समेत काम गरिसकेको थियो। उनले आफ्नो बौद्धिकताको पूरा प्रयोग ठगीमा समेत गरेको प्रहरीले जनायो।

भट्टको कथाले विराम नलिंदै बुधबार बानेश्वर प्रहरी वृत्तले अर्को शिक्षित ठगलाई सैनिक मेजरको पोसाकमा पक्राउ गर्‍यो। मीनभवनस्थित कमर्स क्याम्पसमा स्नातक तह द्वितीय वर्षमा अध्ययनरत २७ वर्षीय भरतसिंह लामालाई त घरबेटीले पनि सक्कली मेजर नै मानेका थिए। ऊ माघ १ देखि काँडाघारीस्थित विष्णु थापाको घरमा भाडामा बस्दै आएको थियो।

'सैनिक पोसाक लगाएर घरबाट हिंड्दो रहेछ, उसकी श्रीमती त ऊ लप्टेनबाट बढुवा भएर मेजर भएको भन्थी, नेमप्लेट र परिचय कार्ड भिरेको पोसाक लगाउँदो रहेछ, कसरी शंका गर्नु?' घरबेटीले भने– 'उसको खाइलाग्दो जीउ र व्यक्तित्वका कारण पनि शंका गर्न ठाउँ थिएन।'

पृष्ठ ६ मा जारी

● सम्पादकीय ●

# राष्ट्रिय मेलमिलापका लागि खेलकुद


आगामी चैत २४ गते सोमबारदेखि प्रारम्भ हुन गैरहेको पाँचौं राष्ट्रिय खेलकुदले एउटा नेपाली उखान ...१२ वर्षपछि खोलो पनि फर्कन्छ□ भन्ने उखानलाई चरितार्थ गरेको छ। वि.सं. २०३८ मा पहिलो राष्ट्रिय खेलकुद आयोजना गरिएपछिका २७ वर्षमा राष्ट्रिय खेलकुदका जम्मा चारवटा संस्करण हुन सकेका छन्। तत्कालीन कार्यतालिका अनुसार वि.सं. २०५८ मै आयोजना हुनुपर्ने पाँचौं राष्ट्रिय खेलकुद त्यतिबेला दरबार हत्याकाण्डका कारण र त्यसपछि मुलुकको बिग्रँदै गएको राजनीतिका कारण पटक-पटक स्थगित हुँदै आएको थियो। लामो समयसम्म राष्ट्रिय खेलकुद प्रतियोगिता हुन नसकेका कारण मुलुकको खेलकुद क्षेत्रले जे-जस्ता अप्ठ्यारा परिस्थिति बेहोर्नुपर्‍यो त्यो अब इतिहास भैसकेको छ। पाँचौं राष्ट्रिय खेलकुदपछि नेपाली खेलजगत्ले नयाँ चोला फेर्नेछ भन्ने विश्वासका साथ यतिखेर नेपाली खेलाडी, प्रशिक्षक, निर्णायक एवं पदाधिकारीहरू आ-आफ्नो योग्यता र क्षमताअनुसार अन्तिम तयारी गरिरहेका छन्। यो खेल महाकुम्भलाई नेपाली खेलवृत्तमा निकै महत्त्वपूर्ण मानिएको छ किनभने नेपालको इतिहासमा यति धेरै खेल (३२) र यति धेरै खेलाडी (३ हजार २ सय ३६) एकैपटक एकै स्थानमा सहभागी हुँदैछन्। उनीहरूको सहभागिता र एक-अर्कासँग गरिने खेलभावनापूर्ण प्रतिस्पर्धाले विगत एक दशकभन्दा लामो समयदेखि माओवादी जनयुद्ध, जातीय तथा क्षेत्रीय राजनीतिको रनाहाले थिलथिलो भएको नेपाली समाजमा शान्ति, सद्भावना र एकताको नयाँ सन्देश प्रवाह गर्नेछ भन्ने विश्वास पनि गरिएको छ।

यो खेल महोत्सवमा सहभागी भएका खेलाडीहरूमध्ये को सफल हुने ? को असफल हुने ? भन्ने प्रश्नभन्दा ठूलो कुरा उनीहरूको सहभागितालाई मानिएको छ। विगत एक दशकदेखि राष्ट्रिय खेलवृत्तमा देखा पर्न नसकेका नयाँ खेल प्रतिभाहरूलाई नयाँ परिचयसहित राष्ट्रिय क्षितिजमा स्थापित गर्न पनि यो खेलकुद प्रतियोगिता कोसेढुंगा सावित हुने आशा गर्न सकिन्छ। नयाँ प्रतिभाको उदय नभएसम्म पुराना प्रतिभाहरू विस्थापित हुन सक्दैनन्। निरन्तर नयाँ र उत्कृष्ट नतिजा चाहने खेलकुद क्षेत्रले पक्कै पनि अहिले नयाँ प्रतिभाहरूको खोजी गरेको हुनुपर्छ, यो सन्दर्भमा पनि पाँचौं राष्ट्रिय खेलकुद एउटा अवसरका रूपमा देखा परेको छ। कुनै पनि खेलकुद प्रतियोगिता खेलाडी र प्रशिक्षकको योग्यता वा क्षमता निर्धारण गर्ने मापदण्ड मात्र नभएर सम्बन्धित समाज र राष्ट्रको आर्थिक, सामाजिक, शैक्षिक एवं स्वास्थ्यक्षेत्रको विकासको मानकसमेत मानिन्छ। यो दृष्टिकोणले पनि पाँचौं राष्ट्रिय खेलकुदले नेपाली समाजको नयाँ अनुहारलाई सार्वजनिक गर्ने विश्वास गर्न सकिन्छ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न।
*सौजन्य : साप्ताहिक-पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल*

● चिठीपत्र ●

## असफलताको आत्मग्लानि



नेपाल सरकारको स्वीकृत दरबन्दीमा अस्थायी रूपमा कार्यरत शिक्षकहरू, लियन पदमा कार्यरत शिक्षकहरू, सट्टा शिक्षकहरू स्वतः स्थायी हुनुपर्ने विषयमा पुनः विवाद देखिएको छ। जनयुद्धका क्रममा लेवी वा सहयोगका नाममा देशभरि नै ग्रामिण क्षेत्रमा (कथित आधार इलाकामा) कार्यरत शिक्षकहरूवाट माओवादी कार्यकर्ताहरूले जबरजस्ती ५ प्रतिशत रकम लिए। त्यो रकम दिन अस्वीकार गर्ने कतिपय शिक्षकको हत्या गरियो, कतिपयलाई विस्थापित गरियो। विस्थापित शिक्षकहरू यो वा त्यो कारण देखाई अहिलेसम्म गाउँ फर्किएका छैनन्, जसले ५ प्रतिशत दिए उनीहरूलाई तत्कालीन सरकारले मार्‍यो, थुन्यो, यातना दियो भने घरैसमेत भत्कायो।

माओवादी कार्यकर्ताले शिक्षकहरूसँग ५ प्रतिशत मात्र लिएनन्, आमसभाका लागि जनता जम्मा गर्नुपर्ने, कुनै न कुनै संगठनको सदस्यता लिनुपर्ने, गाउँमा खाना ख्वाउनुपर्ने, बास दिनुपर्ने सबै काम उनीहरूले शिक्षकहरूबाटै गराए। त्यसका लागि शिक्षकहरूलाई खुसी राख्नुपर्ने थियो। यसै कारण शिक्षकहरूले जनताभन्दा बढी आश्वासन पाए। स्थायी शिक्षकहरूले अन्य कर्मचारीभन्दा दोब्बर तलब पाउने आश्वासन पाए, अस्थायी शिक्षकहरूले स्वतः स्थायी हुने आश्वासन पाए, निजी स्रोतका शिक्षकहरूले स्वतः दरबन्दी पाउने आश्वासन पाए। 'हाम्रो सरकार आएपछि शिक्षामा जनताले कुनै प्रकारको लगानी लगाउनुपर्दैन, सबै लगानी राज्यले गर्छ– माओवादीका कार्यकर्ताहरूका यस्ता भाषणकै कारण शिक्षकहरूले ठूलो सपना बोकेका थिए। ती आश्वासन दिनेहरूले राज्यसत्ताको बागडोर आफ्नो हातमा लिएका बेलामा हामीले आन्दोलन गरे केही हुन्छ कि भन्ने उनीहरूको अपेक्षा हो।

शिक्षाक्षेत्रमा लोकसेवा आयोगले खुला प्रतियोगिताद्वारा स्थायी पदपूर्ति गर्ने परिपाटी कानुनमा मात्र सीमित रह्यो। शिक्षा ऐनको दफा ११च मा भएको शिक्षक छनौटसम्बन्धी व्यवस्था हेर्ने हो भने राज्य कुम्भकर्ण निन्द्रामा सुतेको छ। उक्त दफाको उपदफा १ को खण्ड (घ) मा रिक्त पदमा प्रत्येक वर्ष विज्ञापन गर्ने व्यवस्था छ, तर शिक्षक सेवा आयोगले यो व्यवस्था कार्यान्वयन गर्न सकेको छैन। राजनैतिक भागबण्डामा अल्झिएको सरकारले हालसम्म बनेका कानुनहरूमा के-के व्यवस्था छ भन्ने विषयमा अध्ययन गर्नेसमेत फुर्सद पाएको छैन।

शिक्षकहरूले लामो समयसम्म अस्थायी रूपमा काम गरेका छन्, त्यसको सम्मान गर्नुपर्छ। विगतको द्वन्द्वमा पनि सरकारी कर्मचारीहरूको नाममा स्वास्थ्यकर्मी र शिक्षकहरू मात्र गाउँमा देखिन्थे। उनीहरूले ठूलो जोखिम उठाएका छन्, परिश्रम गरेका छन्। आन्दोलनको भरमा स्वतः स्थायी हुने र सम्मान पाउने विषय फरक-फरक हुन्। आन्दोलनका भरमा राज्यलाई झुकाउँछु र व्यक्तिगत स्वार्थपूर्ति गर्छु भनेर लाग्नु छुट्टै कुरा हो, तर राज्यको पद्धतिबाट सम्बन्धित क्षेत्रमा प्रवेश गर्न नसक्ने अनि बल गरेर प्रवेश गर्न खोज्ने ? यस्तो कदापि हुनु हुँदैन। पटक-पटकका खुल्ला तथा आन्तरिक प्रतियोगितामा असफल भैसकेकाहरूले आन्दोलन गरेर स्थायी हुन्छु भन्नु शिक्षकजस्तो मर्यादित पेसाका लागि सुहाउँछ कि सुहाउँदैन ?

विद्यार्थीले हामी परीक्षा दिन्नौं, हामीलाई स्वत उत्तीर्ण गर्नुपर्छ भन्ने आन्दोलन गरे भने के शिक्षकहरूले त्यसलाई सहज रूपमा लिन्छन् ? हो, शिक्षा ऐनले अस्थायी शिक्षकहरूलाई खुला प्रतियोगितामा भाग लिनका लागि उमेरको हद नलाग्ने भनेको छ, हामी आयोग खुल्नुपर्छ भनेर दबाब दिऊँ, राम्रो तयारी गरौं। त्यति गर्दा पनि भएन भने राज्यसँग अहिलेसम्म सेवा गरेबापतको सम्मानस्वरूप केही उपदान माग गरौं।

लगभग ६० हजार शिक्षक आन्दोलनमा आएर स्वतः स्थायीको माग गर्ने हो भने र राज्यले उनीहरूलाई स्थायी गर्ने हो भने बर्सेनि लाखौंको संख्यामा एसएलसी र हजारौंको संख्यामा उच्च शिक्षा हासिल गर्ने (त्यो पनि शिक्षाशास्त्र संकायबाट) विद्यार्थीहरू के हातमा दही जमाएर बसिराख्लान् त ? शिक्षाक्षेत्रमा राज्यले एक न एक पटक ठूलो चुनौती भोग्नुपर्नेछ। आन्दोलन हुँदैछ भनेर राज्यले शिक्षाक्षेत्रको अन्यौललाई निरन्तर ढाकछोप गर्नु हुँदैन।

**– रामहरि ओझा, डोटी**

● तीतो सत्य ●

निःस्वार्थ भावना, प्रेम र विश्वासद्वारा दरिलो मित्रता गाँसिने मात्र होइन कार्ययोजनाहरू पनि सफल हुन्छन् भने विपरीत भएको खण्डमा हरेक कुरा विपरीत हुन्छ।

**वसन्त खत्री, खोपासी**

अरुलाई घृणित गराउने र आफू पनि घृणित हुने काम नगर्ने मानिस नै असल मानिस हो।

ur_puran@yahoo.com

मानिसको पहिलो परिचय मुस्कान हो।

मानिस मर्नका लागि जन्मन्छ, जन्मनका लागि मर्दैन।

लक्ष्य बिनाको मानिस अन्धो हुन्छ।

**रामु रानामगर, वीरगन्ज**

हरेक मानिसले आफ्नो उमेर ढल्किएको देख्दैन तर अरूको उमेर ढल्किएको देख्छ।

सबै कुरा गर तर मायामा विश्वास नगर।

तिमी मसँग अरूको चर्चा गर्छौ, भोलि अरूसँग मेरो पो चर्चा गर्ने हौ कि ?

**सविता र शोभा, हरिवन सर्लाही**

सुन थुपारेर, धन कमाएर केवल धनवान् बन्न सकिन्छ, गुणवान् बन्न सकिंदैन।

**विन्दु लामा, खोपासी**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ।*

*–सम्पादक*

● सहर चर्चा ●

## म्युजिकमा सीतामैयाँ

हामी गीत किन सुन्छौ ? जवाफ गाह्रो छैन– मनोरञ्जनका लागि, तर अब संगीत मनोरञ्जनको माध्यम मात्र रहेन। संगीतबाटै मानिसको रोगको उपचार हुन्छ। सुन्दा अनौठो लाग्ला तर यो उपचारपद्धति नेपालमै सुरु हुने भएको छ। 'म्युजिक थेरापी नेपालमा भित्र्याउने तयारीमा छु।' सीतामैयाँ राजच्वला (सुवाल) ले भनिन्- 'मेडिकल साइन्सले उपचार गर्न नसकेका बिरामीसमेत यो पद्धतिबाट निको भएका छन्।' सीतामैयाँ भारतीय राजदूतावासको छात्रवृत्तिमा हालै भारतबाट यही विषय अध्ययन गरेर फर्किएकी हुन्।

संगीतलाई विधिपूर्वक श्रवण गर्दा शरीरको रोग निदान हुने उनले दाबी गरिन्। 'संगीतले हाम्रो अंग-प्रत्यङ्गमा प्रभाव पारिरहेको हुन्छ,' सीतामैयाँले भनिन्। विशेष गरी शास्त्रीय संगीत रोग उपचारका लागि प्रभावकारी हन्छ। संगीत श्रवणबाट सामन्यदेखि गम्भीर रोगसम्म निको हुने उनको दाबी छ। ललितकला क्याम्पसमा संगीत विषयमा अध्ययन गरेकी सीतामैयाँ हाल भारतको प्रयाग संगीत समिति इलाहावादवाट संगीत प्रवीण गरिरहेकी छिन्।



● साइबर गार्ल ●

## सरुको आगमन

कुनै समय पोखराको मोडलिङमा चम्किएकी सरू लालचन केही वर्षको अन्तरालपछि पुनः यही क्षेत्रमा आइपुगेकी छिन्। सात वर्षको जापान बसाइपछि जन्मथलो पोखरा आएपछि उनले फेरि मोडलिङलाई अँगालेकी हुन्। बुद्धचोक, पोखराकी सरुको रुचि फेसन सो र म्युजिक भिडियोमा छ। उनीसँग सन् १९९९ मा मिस फेमिना पोखरामा सेकेन्ड रनर-अप, सन् २००१ मा पोखरामै भएको मिस इन्टरकलेजमा फस्ट रनरअप सँगै करिब एक दर्जन फेसन सोको अनुभव छ। उनी कोरियोग्राफीमा पनि त्यत्तिकै पोख्त छिन्। उनले ठीकठाक डटकमका लागि सुरज श्रेष्ठसँग फोटोसेसन गरेकी छन्। उपन्यास पढ्न, संगीत सुन्न र भ्रमण गर्न मन पराउने सरु ५ फिट ८ इन्च अग्ली छिन्। गुलाफी र आकाशे नीलो रंग मन पराउने सरुलाई मन पर्ने खेल बलिङ हो। सरुले अहिलेसम्म ब्वाइफ्रेन्ड बनाइसकेकी छैनन्। किन नबनाएको त ? सरुले भनिन्- 'त्यस विषयमा सोचिसकेकी छैन।'

● मुखाले ●

मेरो बुबा (पूर्वराजा ज्ञानेन्द्र) सँग बस्न नसक्ने भएपछि मैले देश छाडेको हुँ।

**–पूर्वयुवराज पारस शाह**

न्यायपालिकाको स्वतन्त्रता कटौती गरेर यसलाई जिम्मेवार बनाउन सकिन्छ भन्ने भ्रम कतिपय व्यक्तिमा छ।

**–केदारप्रसाद गिरी, प्रधान न्यायाधीश**

न्यायपालिकाले तानाशाह तह लगाएको छ।

**–राघवलाल वैद्य, महान्यायाधिवक्ता**

डेट एक्स्पायर औषधीले जसरी मान्छे मार्छ त्यसरी नै माओवादीहरू पनि सत्तामा बसेर मान्छे मार्ने र टाउको काट्ने काम गरिरहेको छ।

**–कमल थापा, राप्रपा अध्यक्ष**

वर्तमान सरकार निरंकुशतातर्फ गैरहेको छ।

**–गिरिजाप्रसाद कोइराला**

प्रहरी र प्रशासनिक संयन्त्रहरूलाई निरीह बनाएपछि माओवादीले सेना र न्यायालयलाई ध्वस्त पार्ने योजनाअन्तर्गत काम गरिरहेका छन्।

**–शेरबहादुर देउवा**

खस क्षेत्रीको अलग्गै अस्तित्व स्वीकार नगर्ने संविधान स्वीकार्य हुनेछैन।

**–युवराज कार्की, अध्यक्ष, खस क्षेत्री एकता समाज**

सहमतिमा नआउने हो भने देश टुक्रिन सक्छ।

**–राजेन्द्र महतो, मन्त्री**

# राष्ट्रिय एकताका लागि राष्ट्रिय खेलकुद



जीवनराम श्रेष्ठ, सदस्य-सचिव, राष्ट्रिय खेलकुद परिषद्

**विगतका सबै संरचना बिग्रिएको एवं पुराना खेलाडीहरू लगभग पलायन भएको अवस्थामा राष्ट्रिय खेलकुद हुँदैछ, के भन्नुहुन्छ ?**

धेरैजसो नयाँ खेलाडी उत्पादन हुने सम्भावना भएकाले नयाँ जोस छाएको छ। खेल भनेको क्रिकेट र फुटबल मात्र होइन। यस अर्थमा राष्ट्रिय खेलकुदमा ७५ प्रतिशत नयाँ खेलाडी देखिने सम्भावना छ। पुराना संरचनालाई मर्मत गर्दै, द्वन्द्वका घाउ मेटाउँदै हामी नयाँ उत्साहका साथ यो राष्ट्रिय पर्व मनाउँदैछौं। तराई, पहाड, हिमाल सबै स्थानबाट खेलाडी जम्मा हुने भएकाले यसले राष्ट्रिय एकताको सन्देश पनि दिनेछ। खेल चैत २४ गतेदेखि ३० गतेसम्म हुने भएकाले नयाँ वर्ष २०६६ को नयाँ सन्देश जान्छ भन्ने लागेको छ।

**राष्ट्रिय खेलकुद भन्नाले प्रत्येक जिल्ला तथा गाउँबाट राम्रा खेलाडीको छनौट गरेर केन्द्रसम्म ल्याउनु मात्र होइन, त्यसलाई आकर्षक रूपमा खेलाउनु पनि हो। यसको व्यवस्थापन कसरी गर्दै हुनुहुन्छ ?**

मुख्य कुरा बजेट रहेछ। मन्त्रिपरिषद्ले राष्ट्रिय खेलकुदका लागि २५ करोड बजेट दिएपछि यी काम सहज भएका छन्। हामीले कर्णाली अञ्चलको जुम्लासम्म पुगेर, खेलाडीहरूलाई प्लेनमार्फत खेलमैदानसम्म पुऱ्याएर छनौट प्रक्रिया पूरा गरेका छौं। सबैभन्दा पहिले जिल्लाभित्रका खेलाडी खोज्ने र उनीहरूलाई जिल्लामा प्रतिस्पर्धा गराउने, जिल्ला-जिल्लामा छानिएका खेलाडीलाई क्षेत्रीय प्रतिस्पर्धा गराउने काम सकेका छौं। उनीहरू यतिखेर बन्द प्रशिक्षणमा छन्। बन्द प्रशिक्षणबाट पास भएका खेलाडीलाई केन्द्रमा प्रतिस्पर्धा गराउने तयारी गरेका छौं। टेलिभिजनले यसको प्रत्यक्ष प्रसारण गर्दैछ। पुराना संरचनालाई मर्मत-सम्भार गरिँदैछ। खेलाडी, प्रशिक्षक एवं व्यवस्थापन गरी करिब ५ हजार व्यक्तिको प्रत्यक्ष सहभागिता हुँदैछ। बजेट र योजनाले राष्ट्रिय खेलकुदको व्यवस्थापनलाई सजिलो बनाएको छ।

**ठूलो तामझामका साथ राष्ट्रिय खेलकुद गर्नु पछाडिको राजनीति के होला ?**

राजनीति स्पष्ट छ। हाम्रो नारा नै छ– शान्ति, विकास, सद्भाव एवं एकता। माओवादी द्वन्द्वका दस वर्ष हामीले एक-अर्कालाई अविश्वास गरेर बितायौं। अब हामी राज्यपक्ष, विद्रोही पक्ष, तटस्थ पक्ष कोही छैनौं। सबै एक ठाउँमा उभिएर हामी नेपाली र हाम्रो नेपाल भन्ने भावनाको विकास गर्नु नै यो खेलको राजनीति हो। यो खेलले मधेस-पहाड-हिमाल सबैलाई राष्ट्रिय झन्डामुनि गोलबन्द गर्दैछ। राष्ट्रिय एकता खलबलिएका बेला खेलको माध्यमबाट विकासको गति बढाउन यो खेल हुँदैछ।

**सुन्दा नारा मीठो छ, तर चारैतिरबाट गुनासो आउने क्रम रोकिएको छैन नि ?**

यो अहिलेसम्मकै धेरै खेल र खेलाडीले खेल्ने प्रतियोगिता भएकाले केही कमजोरी हुनु स्वाभाविक हो। ३२ खेल र हजारौं खेलाडी जम्मा भएर प्रतियोगिता गरिने भएकाले कतै व्यवस्थापनमा अप्ठ्यारो पनि छ। यद्यपि प्रतियोगिताको गरिमालाई नै आँच पुऱ्याउने कमजोरी भएको छ भन्ने लाग्दैन।

**जिल्ला-जिल्लाका खेलाडीहरूले विभिन्न प्रतिस्पर्धा जित्दै आउनुपर्छ, तर सेना तथा प्रहरीका खेलाडीहरूले भने राष्ट्रिय खेलकुदमा सीधै प्रतिस्पर्धा गर्ने अवसर पाइरहेका छन्। यसले अवसर तथा रोजगारी नपाएका खेलाडी माथि अन्याय भएन ?**

राष्ट्रिय खेलकुद परिषद् एउटा कारखाना हो। यहाँ खेलाडी उत्पादन हुन्छन्। राम्रा सम्भावना देखाउनेहरूलाई सेना र प्रहरीमा जागिर दिइन्छ। त्यसकारण सेना र प्रहरीका खेलाडी फरक हुन् भन्ने कुरा नै गलत छ। जिल्ला-जिल्लाबाट प्रतिस्पर्धा गरेर आएका खेलाडीको कोटा हटाएर सेना र प्रहरीका खेलाडीहरूलाई दिइएको छैन। ९५ प्रतिशत प्रहरी-सेनाका खेलाडी हाम्रा उत्पादन हुन्। राम्रा खेलाडी जो-सुकै हुन्, उनीहरूले अवसर पाउँछन्।

**खेलकुदमा सधैं हुने-खानेको वर्चस्व रहँदै आएको छ। आमनेपाली जनता कामको खोजीमा या त विदेश पलायन भैरहेको छ या त आफ्नै खेतबारीमा व्यस्त छ। यस्तो अवस्थामा उनीहरूलाई खेलकुदमा कसरी सहभागी बनाउने ?**

केही समयअघि मैले भिजन ट्वान्टी-ट्वान्टी सार्वजनिक गरेको थिएँ। अर्थात् सन् २०२० सम्म नेपालले ओलम्पिकमा कम्तीमा एउटा स्वर्ण पदक जित्ने लक्ष्य लिएँ। यो त्यसबेला सम्भव छ, जतिबेला सबै नेपाली सम्पन्न हुन्छन्। सबै नेपाली कुनै न कुनै रूपमा खेलमा संलग्न हुन्छन्। यदि हामी डबल डिजिट आर्थिक वृद्धिको कुरा गरिरहेका छौं, दस वर्षमा १० हजार मेघावाट बिजुली उत्पादनको सपना देखिरहेका छौं, पूर्व-पश्चिम रेलमार्ग बनाउने योजना बुन्दैछौं भने देशमा गरिबी आफैं उन्मूलन हुन्छ। सबै जना खेलमा सहभागी हुन्छन्। फेरि खेल भनेको फुटबल र क्रिकेट मात्र होइन। स्वास्थ्य रहन पनि खेलकुद जरुरी छ। सबैले स्वास्थ्यमा ध्यान दिएपछि सबै जना खेलमा संलग्न भएनन् र ?

**सरकारले राष्ट्रिय खेलकुद परिषद्का लागि जम्मा १९ करोड बजेट छुट्याएको छ। जब कि दुर्व्यसन, एचआईभी-एड्सजस्ता युवा निकट समस्याका लागि राष्ट्रिय-अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले अरबौं खर्च गरिरहेका छन्। यदि त्यसलाई खेलकुदमा खर्च गर्ने हो भने राम्रो परिणाम आउँदैनथ्यो र ?**

साऱ्है चित्त बुझ्ने कुरा गर्नुभयो। यद्यपि हामी दुर्व्यसन तथा एचआईभी-एड्सजस्ता क्षेत्रमा खर्च भएको बजेट खेलमा तान्न सक्दैनौं। किनभने डोनर एजेन्सीको आफ्नै इन्ट्रेस्ट हुन्छ। उसले एड्सका लागि बजेट पाएको हुन्छ, न कि खेलका लागि ? उनीहरू सीधै परिणाममा खर्च गर्न चाहन्छन्, जबकि खेलले घुमाउरो रूपमा काम गर्छ। खेल सबै युवा समस्याको दीर्घकालीन समाधान हो, त्यो उनीहरू चाहँदैनन्। उनीहरू चाहन्छन्, समस्या कायम रहोस्, जसले गर्दा समस्या देखाएर खर्च गर्ने पैसा पनि आइरहोस्।

**– अश्विनी कोइराला**

होटल तालिम विशेष छुटमा 2003 मा स्थापित
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक
Worldwide valid Certificate
Japan, UK, Australia, Canada, Europen देशमा Working Visa, Student Visa मा जानेलाई
Part time & Full time job को लागि SPECIAL CLASS भैरहेछ
COOK (1, 2, 3, 6 month), WAITER (1, 2, 3 month) Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy, House Wiring, Plumber etc.
- ३ महिने कुकमा FREE ENGLISH LANGUAGE
- थप Industrial Training लाई Star Hotel मा पठाइने
- आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
- जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने।
- Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
Student Visa मा जानेलाई Special Discount
र्‍याडीसन होटल ट्रेनिङ्ग सेन्टर
बागबजार, पि.के.क्याम्पसपछिको दोस्रो घर रत्नपार्क तर्फ
4247165, 2200889, 9841-891131
साहारा होटल तालिम सेन्टर
(Sahara School of Hospitality Mangement and Toursim Nepal)
नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, ओखरबोट मार्ग
2040782, 016200757, 98510-93629
र्‍याडीसन होटल तालिम सेन्टर
नयाँ बानेश्वर, BICC पानी ट्याङ्कीको ठीक अगाडि
4464720, 9841-891131, 98510-93629

होटल तालिम
नवौं बर्ष प्रवेश विशेष छुट
* अंग्रेजी नजान्नेलाई नेपालीमा सिकाईने
* थेउरी भन्दा प्राक्टिकल धेरै गराइने
* स्पेशल कोर्ष पनि गराईन्छ।
कुक, वेटर, बारमेन,
जापनीज कुक, सेक्यूरेटी गार्ड
आगमन होटल ट्रेनिङ्ग
सामाखुसी, सरकारीधारा, म्हेपी जाने मोड 4352846

कोरियनसँग बिहेवारी
कोरियन पुरुषसँग निःशुल्क विवाह गर्न चाहानुहुन्छ भने आफु र आफ्नो अभिभावकको मन्जुरीका साथै तुरुन्त सम्पर्क गर्नुहोस्।
नेपाल ईसोल ईन्टरनेशनल वेडिङ कम्पनी प्रा.ली.
९८०३६२६७१०,९८४१८२८७८१

निःशुल्क ब्यूटिसियन ट्रेनिङ्गमा भर्ना खुल्यो



Special तालिम व्यवस्था भएको र पार्लर खोल्न सक्ने गरी Complete कोर्ष ग्यारेन्टिका साथ सिकाईन्छ। साथै Basic, Advance, Diploma, Beauticians Teacher Training, Hair Dressing, Skin Therapy, Home Decoration का साथै अन्य Special कोर्षहरूमा रोजगारीको अवसर सहित भर्ना खुल्यो।
New ITC प्रशिक्षण केन्द्र
सामाखुसी Ph:012053023
(टोखा जाने बाटो २००मि. अगाडि)

WHAT AFTER EXAM ???
उद्घोषण
Anchoring (VJ/RJ/Stage)
Public Speaking | Speech Art
Personality Development | Career Counselling
Confidence Development | Videography & Camera
Leadership Development | News Reading/Reporting
With: Mahima (Image TV), Bhuwan (ImageTV), Kala (Hits FM), Kusum (Gorkha FM), Raj (Star FM), Nirajan (Star FM), Dipak Samir (Gorkha FM) Gyanendra (Star FM), Krishna (STV), Sabina (ATV) Shyam (Image FM), Puskar (NNTV), Hira (VOY FM) and top media personalities from Nepal and India.
No.1 Media Station
THE MEDIA'S COLLECTION
Bagbazar (Opp. to Petrol Pump)
Ph. No. 4233042
Pokhara: 061-530569 also in Banepa & Ithari
Rs. 10,000/- Discount
Job Guarantee

# एउटाले महिला बनेर र अर्कोले .....

पृष्ठ ३ बाट जारी

बानेश्वरवृत्तका प्रमुख नायब उपरीक्षक विश्वराज पोखरेल भन्छन्, 'हो, उसको अनुहारले सबैलाई धोका दियो, त्यही भएर विमानस्थल, छाउनीस्थित सैनिक अस्पताल र सार्वजनिक स्थलमा पोसाक लगाएर हिंड्दा पनि कसैले शंका गरेन ।' 'उसले सेनाको व्यवहारको राम्रो अध्ययन गरेको रहेछ, ऊ कम बोल्थ्यो र एक स्थानमा धेरै बेरसम्म बस्दैनथ्यो,' पोखरेल भन्छन्– 'त्यही भएर पीडितहरू अवकाश प्राप्त र जागिर छाडेकाहरू भए पनि ऊमाथि शंका गरेनन् ।'

उसले तीन वर्षअघि नागार्जुनस्थित सैनिकहरूलाई आफ्नो व्यवहारमा फसाएर उनीहरूको हतियार र पोसाक भिरेर तस्बिरसमेत खिचायो । एक वैदेशिक रोजगार कम्पनीमा अन्तर्वार्ता दिने क्रममा त्यही तस्बिर पेस गरेर आफूलाई पूर्वसैनिक बताउँदै दुबईमा अढाई वर्ष जागिरसमेत खायो ।

अनुसन्धान अधिकृतका अनुसार, हाइटेक ठग भट्ट र छद्मभेषी ठग थापाको मिलनसार र मृदुभाषी व्यवहारमा समानता भए पनि एउटा कुरामा उनीहरूबीच भिन्नता देखियो । भट्टको ठगीका सम्बन्धमा परिवार एवं मित्रजन अनभिज्ञ थिए भने थापाले आफ्नो अपराधमा श्रीमती र साथीभाइलाई समेत सहभागी गराएको थियो । थापालाई मेजरले लाउने बन्दोबस्तीको समान उपलब्ध गराएर सहायकको भूमिका निर्वाह गर्ने रामेछाप गोगने बस्ने अंकित भण्डारी भने हालसम्म पक्राउ पर्न सकेको छैन ।

अस्पतालकै गेटबाहिर धेरै पटक उभिएर बालरोग विशेषज्ञ डा. उमेश सिंहको पोसाकमा उसले ७ जना व्यक्तिबाट ११ लाख ६० हजार ठगी गरे पनि कसैले पत्तो पाएन । 'उसले दुबई पठाइदिने भनेर रकम असुलेका व्यक्तिमा अधिकांश सैनिक पृष्ठभूमिका थिए, रकम लिएर विदेश पठाउन आलटाल गरेपछि उनीहरू अस्पताल पुगे,' नायब उपरीक्षक पोखरेलले भने– 'अस्पतालमा सक्कली डाक्टरलाई भेटेपछि उनीहरूको होस गुम्यो ।'

प्रहरी र पीडितले त्यसपछि उसलाई पक्राउ गर्न उसको कमजोरी पत्ता लगाउन थाल्यो । थापाको स्त्रीमोहका सम्बन्धमा थाहा पाएपछि प्रहरीले त्यहीअनुरूप योजना बनायो । 'पीडित पक्षले एक युवतीमार्फत फोन गर्न लगाएर उसलाई गौशाला बोलायो,' पोखरेलले भने– 'ऊ त धाक जमाउन मोटरसाइकलसहित पोसाकमा आएछ, त्यसपछि सबैले मिलेर उसलाई समायौं ।'

मृदुभाषी र मिलनसार स्वभावका भट्टले यसअघि कलंकीस्थित गुरुङ सेक्युरिटी सर्भिसको चेयरम्यान भएर गत असार २९ मा ९ जनाबाट ३२ लाख रुपैयाँ ठगिसकेको खुलासा भैसकेको छ । श्रम तथा रोजगार प्रवर्द्धन विभागले थापा, उक्त कम्पनीका प्रबन्ध निर्देशक गोरखा ताकुकोट-२ का बलराम गुरुङ, सहायक प्रबन्ध निर्देशक सुकबहादुर गुरुङ र अन्तर्वार्ता लिने वैकुण्ठ शाहीलाई पक्राउ गर्न पुर्जी काटिसकेको छ । अन्य सहयोगीहरू भने फरार छन् । थापाकी श्रीमती लक्ष्मी गोले ( लामा) विरुद्ध पनि चैत १४ मा महाराजगन्ज प्रहरीवृत्तमा १२ लाख रुपैयाँ ठगी गरेको आरोपमा पीडित पक्षले ऊजुरी हालेका छन् ।

लामाले आफू भारतको नयाँदिल्लीमा भिसा मिलाइरहेको भन्दै श्रीमतीमार्फत वैदेशिक रोजगारमा पठाइदिने प्रलोभनमा १२ लाख रुपैयाँ उठाएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार, यी दुवै ठग कुनै दल वा संगठनसँग आबद्ध नभएकाले उनीहरूलाई पक्राउ गरेर कारबाही चलाउँदासम्म कुनै दबाब आएको छैन ।

[redacted]




# गगनचुम्बी सहर बन्दैछ काठमाडौं

विदुर खतिवडा

काठमाडौं– मुलुककै ठूलो सहर काठमाडौं हेर्न धरहरा चढ्ने चाहना बोकेर सुन्धारासम्मको यात्रा तय गर्नेहरूको संख्या अहिले पनि उल्लेख्य छ। अग्लो टावरको टुप्पोमा बसेर त्यसभन्दा होचा स्थानहरूको अवलोकन गर्नुको मज्जा छुट्टै भएकाले हुनसक्छ, भीमसेन थापाले धरहरा निर्माण गरेको। भीमसेन थापाद्वारा निर्मित धरहरा वि.सं. १९९० को भूकम्पमा सिकार बनेर खुम्चिनुपरे पनि यसको उचाइको सान्दर्भिकता अद्यावधि छ, तर अबका केही वर्षभित्रमा धरहराको ऐतिहासिक महत्त्वलाई राजधानीमा बनिरहेका गगनचुम्बी महलहरूले चुनौती दिनेछन्। १७ देखि २३ तलासम्मका अपार्टमेन्ट निर्माणको लहर चलिसकेकाले अब सहर नियाल्न अर्को धरहरा निर्माणको आवश्यकता बन्दै गएको छ।

नेपाल सरकारले चक्रपथभित्र १७ तलासम्म र चक्रपथबाहिर २३ तलासम्मका भवन निर्माण गर्न दिएको स्वीकृतिसँगै यतिखेर राजधानीका डेढ दर्जनस्थानमा यस्ता भवनको निर्माण प्रारम्भ भएको छ। 'मानवनिर्मित सहरको विकासक्रमको थालनीका रूपमा अपार्टमेन्ट टावरलाई लिन सकिन्छ,' नेपाल जग्गा तथा आवास विकास संघका महासचिव मीनमान श्रेष्ठ भन्छन्- 'यसले सहरीकरण हुँदै गएको नगरको भौतिक पक्ष उजागर गर्छ।' डाउनटाउन हाउजिङका प्रबन्ध निर्देशक समेत रहेका श्रेष्ठका अनुसार सहरमा बसेर व्यस्त जीवनशैली बिताइरहेकाहरूका लागि काम गर्ने थलोनजिकै सुरक्षित आवासगृहको आवश्यकता परिपूर्ति गर्ने हुँदा अपार्टमेन्टको आकर्षण बढेको हो।

जग्गा किन्ने र घर बनाउने झन्झटको विकल्प खोज्ने क्रममा अरूले नै चिटिक्क पारेर तयार पारेका अपार्टमेन्टको बसाइ सहज हुन्छ भन्ने कुरा बुझ्ने शिक्षित वर्गका कारण अपार्टमेन्टको क्रेज यसरी बढेको कम्फोर्ट हाउजिङका ओम भण्डारी बताउँछन्। 'अध्ययन तथा कामको सन्दर्भमा विदेश बसेर आएकाहरूले अपार्टमेन्टको महत्त्व बुझेका छन्,' भण्डारी भन्छन्- 'नेपालमै पनि यसअघि अपार्टमेन्टमा बसिसकेकाहरूको सकारात्मक अनुभवले यसको क्रेज बढाउन मद्दत गरेको छ।'

दुइ महिनायता विभिन्न सञ्चारमाध्यममार्फत अपार्टमेन्ट तथा हाउजिङका योजना सार्वजनिक भएपछि उपभोक्ताले यस विषयमा व्यापक चासो देखाएका छन्, जसको परिणामस्वरूप हिजोदेखि भकृटीमण्डपमा पहिलो रियल स्टेट एक्स्पो नै प्रारम्भ भएको छ, जसमा एकैथलोमा रहेर अपार्टमेन्ट निर्माता र उपभोक्ताले अन्तर्क्रिया गर्न पाउनेछन्।

'अपार्टमेन्टप्रतिको क्रेज देखेर नै रियल स्टेट एक्स्पो आयोजित गरेका हौं,' नेपाल जग्गा तथा आवास विकास संघका अध्यक्ष इच्छाराज तामाङले भने- 'सुरक्षित तथा आनन्ददायी बासस्थानको अपेक्षा राख्ने उपभोक्तालाई विभिन्न मोडल र सुविधासहितका अपार्टमेन्ट देखाउन तथा व्यवसायीहरूले पनि उपभोक्ताको चाहना बमोजिमको घर निर्माण गर्न कस्ता कुरामा ध्यान दिनुपर्छ भन्ने कुरा स्पष्ट पार्न एक्स्पो प्रभावकारी हुनेछ।'



गत साता साप्ताहिक प्रतिनिधि गोठाटारमा निर्माण गर्न लागिएको सनसिटी अपार्टमेन्ट स्थलमा पुग्दा भेटिएका करिब दुई दर्जन परिवारले फ्ल्याटमा बस्ने समान चाहना प्रकट गरे। नयाँ बानेश्वर बस्ने रमिला दाहालका अनुसार ११ वर्षको डेराबासपछि आफ्नै घरमा बस्ने चाहना पूरा गर्न उनी त्यहाँ पुगेकी हुन्।

पृष्ठ १० मा जारी

[redacted]

मुहार
बेदाग गोरो बनाउने आयुर्वेदिक
रूपअमृत - Rs.1660/-
Anti Pimple [Rose Sunscream Free]
ग्यास्ट्रिक, सुगर, प्लडप्रेशर, दम समाधान
No Side effect 100% Guaranteed
केश
Before After
Herbal44 Rs. 750/- → [Soap Free]
आस्था हेल्थ केयर
काठमाडौं, गौशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 9841330144
9845062538 Chitwan, इटहरी 025-580944

होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, (इजरायल) Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center
महाराजगञ्ज बसुन्धरा पुल Ktm
Ph:- 4363215, 2315801

थाहै नदिई
जाँड-रक्सी छुटाउन
यौन शक्ति शीघ्र स्खलन रोकी, उत्तेजना बढाउने Imported Japani Oil
• मोटोपना घटाउन/तौल बढाउन १२ Kg सम्म
• अनुहारको चाँया-पोतो, Pimples साथै Wrinkles को ग्यारेण्टी उपचार
Height Plus @ 1350/-
डेलिभरि सुविधा
0% Side Effect, 100 % effective
4442133, 4438630
चितवन: 9845159169, 061-240234


Learn to Speak English
★2 & 3 Months Packages
★1 Month Special & Speaking Course
★Audio & Visual in American & British Tone
★Situational Conversations
★विदेश जाने र जान्दै नजान्नेलाई विशेष कक्षा
Japanese/ Hebrew/ Korean/ Chinese/ French/ Spanish/ German IELTS/ Visa / Job Interview Pre.
OASIS Language Centre
Golkopakha, Thamel & Kalimati Chock
4359170 & 2024700

# कृषि प्रविधि प्रदर्शनी हुने

राजधानीमा पहिलो पटक कृषिमा आधारित परम्परागत एवं आधुनिक प्रविधिको प्रदर्शनी हुने भएको छ। किसानले स्थानीय ज्ञान, सीप र प्राविधिक सहयोगले आफ्नै स्रोत परिचालन गरी विकास गरेका प्रविधिको प्रदर्शनी वैशाख १९ गतेदेखि तीन दिनसम्म सञ्चालन हुनेछ। प्रदर्शनीलाई आधा दर्जन सरकारी एवं गैरसरकारी संस्थाले सहयोग गर्ने भएका छन्।

कृषि विभाग, कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, प्राक्टिकल एक्सन, टुकी नेपाल, इको सेन्टर, लिबर्ड आदि संस्थाले प्रदर्शनीको आयोजना गर्ने भएका छन्। किसानले विभिन्न बाली उत्पादनका लागि आफैंले विकास गरेका स्थानीय प्रविधि, कृषिका परम्परागत र सुधारिएका औजार प्रर्दशनीमा राखिने छ। अन्वेषण मेला-२०६६ शीर्षक दिइएको यो प्रदर्शनीमा ७५ जिल्लाका गाउँले किसानले प्रयोग गर्ने परम्परागत प्रविधि राखिनेछ। प्रदर्शनीमा विभिन्न जिल्लाका ७५ वटा स्टल रहनेछन्। जिल्लाबाट सहभागी अन्वेषक छनौटका लागि देशभरकै जिल्ला कृषि कार्यालयसँग सहकार्य गरिएको आयोजकहरूले जनाएका छन्।

# मौखिक निर्देशनमा इमेल



हातको प्रयोगविना नै मौखिक इसारामा इमेल पठाउन सकिने उपकरणको विकास भएको छ। यो उपकरणको माध्यमबाट आफूले बोलेकै भरमा कसैलाई इमेल पठाउन र अरूले पठाएको इमेल सुन्न सकिनेछ। कारमा जडान गरिने यो उपकरणको सहायताले कुनै पनि कारचालकले स्टेरिङबाट हात नहटाई इमेल आदान-प्रदान गर्न सक्नेछन्। वैज्ञानिकहरूले सवारी साधनका लागि विकास गरेको ह्यान्ड फ्री तथा आई फ्री उपकरणले यो सुविधा दिएको हो।

यो उपकरणले बोलेको भरमा काम गर्छ। यसले हातको प्रयोगविना नै आफूले बोलेर निर्देशन दिएको भरमा काम गर्छ। वैज्ञानिकहरूका अनुसार यो आइलेन नामक सानो स्मार्टफोन कम्पेटिबल डिवाइस हो, जसले कसैको इमेल प्राप्त भएपछि संकेत दिन्छ र मौखिक निर्देशनका भरमा पढेर समेत सुनाउँछ। मौखिक निर्देशनमै यसले इमेलको जवाफ पनि तयार गर्छ। ब्ल्याकबेरी स्मार्टफोनको सम्पर्कबाट यो उपकरण कारमा जडान गरिएको हुन्छ। यो उपकरण प्रयोगका लागि ब्लुटुथ हेडसेड चाहिन्छ, जसले इमेल पढ्ने, डिलिट गर्ने र रिप्लाइ दिनेजस्ता काम गर्छ। यो उपकरण इन्टेलिजेन्ट मेकाट्रानिक सिस्टमद्वारा तयार गरिएको छ।

# मानव बस्ती अनुकूल छैन मंगल ग्रह

फोनिक्स अन्तरिक्ष यानले मंगल ग्रहको माटोमा रासायनिक प्रतिक्रियात्मक नुनको पहिचान गरेको छ। यो पछिल्लो वैज्ञानिक अनुसन्धान पुष्टि भयो भने यसअघि विश्वास गरिए विपरीत मंगल ग्रह मानव जीवनका लागि अनुकूल नहुने सम्भावना बढेको छ। फोनिक्सले चियाको कप आकारको एउटा विकरमा माटो राखेर पृथ्वीबाट ल्याएको पानी मिश्रण गरी घोल्दा त्यसमा माटोको पीएच फेला पारेको हो।

पहिलो परीक्षणले मंगल ग्रहको माटो केही मात्रामा अम्लीय भए पनि त्यसमा म्याग्नेसियम, सोडियम, पोटासियम र क्लोराइडजस्ता मानव जीवनका लागि अत्यावश्यक पोषण तत्व रहेको देखाएको थियो।यसअघि गरिएको एक अध्ययनले मंगल ग्रहको उत्तरी ध्रुवनजिक टुसा, सलगम र हरियो सिमीजस्ता तरकारी खेती गर्न सकिने माटो पाइएको रहस्योद्घाटन गरेको थियो। तर दोस्रो प्रयोगशाला परीक्षणको प्रारम्भिक नतिजाले मंगल ग्रहको जमिनमा माटोलाई अत्यन्त कडा बनाउने तत्व परक्लोरेट र नुन भएको देखाएको छ।

नुनिलो माटो वातावरणीय रुपमा मानव जीवनका लागि अनुकूल मानिदैन। पहिलो प्रयोगशाला परीक्षणबाट हामीले मंगल ग्रहको माटो पृथ्वीकै जस्तो भएको निष्कर्ष निकालेका थियौं। थप परीक्षण र विश्लेषणले त्यसको ठीक विपरीत परिणाम निकालेको छ। युनिभर्सिटी अफ एरिजोनाका मुख्य वैज्ञानिक पिटर स्मिथ भन्छन्- मानव कर्म र आचरणका कारण पृथ्वीको जमिनमा परक्लोरेट पाइनु र पानीको अभेद्य सतह कडा तथा प्रदूषित हुनु स्वाभाविकै हो तर मानव बस्ती नरहेको ग्रहमा अहिले नै प्रतिकूल वातावरण देखिनु राम्रो संकेत होइन।

परक्लोरेट पटाकालगायत विस्फोट पदार्थमा पाइन्छ। मंगल ग्रहमा कसरी परक्लोरेटको अस्तित्व रह्यो र त्यसको परिमाण कति छ भन्ने विषयमा थप अनुसन्धान हुन सकेको छैन। नासाले मंगल ग्रहमा मानव पाइला पर्नुअगावै त्यहाँ परक्लोरेट को अस्तित्व थियो वा अन्तरिक्ष यानको आगमनका कारण यसो हुन गयो भन्ने सम्बन्धमा थप अनुसन्धान अघि बढाएको छ।

# सबैभन्दा पातलो ल्यापटप



डेल कम्पनीले अहिलेसम्मकै सबैभन्दा पातलो 'लक्जरी' अदामो ल्यापटप ( नोटबुक) बजारमा ल्याएको छ। एप्पलले सार्वजनिक गरेको म्याकबुक एयर सबैभन्दा सानो ल्यापटप थियो। आल्मुनियमको इन्के स रहेको य ।` नोटबुक शून्य दशमलव ६५ इन्च बाक्लो छ। यो १३ दशमलव ४ इन्चको स्क्रिनमा उपलब्ध छ। यसको हार्डडिक्स क्षमता १ सय २८ जीबी छ।

# घरेलु उद्योग प्रबर्द्धनमा सूचना प्रविधि

ठूला लगानीका उद्योगहरूले बजार खोज्न विज्ञापनका लागि यथेष्ट धनराशि खर्च गर्छन्, तर साना तथा घरेलु उद्योगले विज्ञापनबाट आफ्ना उत्पादन बजारीकरण गर्न सक्दैनन्। उनीहरूका लागि सूचना प्रविधि नै सजिलो सस्तो र भरपर्दो माध्यम हुने कुरा सूचना प्रविधि विशेषज्ञ विनयकुमार कसजुले हालै आयोजित घरेलु उद्योग प्रवर्द्धनमा सूचना प्रविधि उपयोगिता विषयक गोष्ठीमा बताए। सूचना प्रविधिको प्रयोग गरेर कहाँ कति आफ्ना उत्पादनको कहिले माग हुन्छ त्यो सजिलैसँग थाहा पाउन सकिन्छ। यसबाट उद्योगीले आफ्नो मूल्य पाए मात्र उत्पादन बेच्ने निर्णय गर्ने सक्ने हुन्छ।

भक्तपुर गछेमा भादगाउँले टोपी उद्योग सञ्चालन गरिरहेकी शर्मिला लवजूको उत्पादनको माग विदेशमा बढी छ। भक्तपुर संसारमै भादगाउँले टोपीका लागि ख्याति कमाएको ठाउँ हो। लवजूले आफ्नो पसलमा आएका विदेशीहरूसँगको सम्पर्क विस्तारका लागि फोन नम्बर र इमेल ठेगाना आदानप्रदान गर्ने गरेका छन्। शर्मिला बेलाबेलामा अनलाइनमा बसी विदेशी ग्राहकहरूसँग पत्राचार गर्छिन्। इमेल निकै सस्तो र छिटो भएकाले पनि उनले इमेलमार्फत आफ्ना विदेशी ग्राहकको मागबमोजिम सामान कुरियरबाट पठाउने व्यवस्था मिलाएका छन्। इमेलको प्रयोग गर्न थालेपछि ग्राहक खोज्न निर्यातकर्ताको मुख ताक्नु नपरेको कुरा लवजूले बताइन्। पहिले-पहिले बीचका मानिसले बढी पैसा कमाउँथे र अहिले भने सीधै ग्राहकलाई सामान बेच्दा बढी नाफा पाउने गरेको अनुभव शर्मिलाको छ।

सूचना-प्रविधि स्थानीय उत्पादनको अन्तर्राष्ट्रिय बजार खोज्न सजिलो माध्यम भएको साना तथा घरेलु उद्योग समितिका अध्यक्ष सरस्वती बाटी बताउँछन्। हिजोआज भक्तपुरका किसान भरतबन्धु हाकुदुवाल बजारभाउ बुझेर मात्र खेतमा तरकारी टिप्न जाने गरेका छन्। उनी सीधै मोबाइलबाट कालीमाटीको तरकारी बजारमा आफूले चाहेको भाउ छ-छैन बुझ्छन्। आफूलाई चित्त बुझेको भाउ मिल्यो भने मात्र साइकल चढेर खेततिर कुद्छन्।

बोलाछे टोलका ६५ वर्षीया मकरकृष्ण प्रजापतिले माटोका भाँडा बनाउन थालेको पचास वर्ष भैसकेको छ। बिगत उनी सामान बेच्न घर-घर चहार्थे। आजभोलि भने उनका ग्राहकहरूले मोबाइलबाट चाहिएको सामान अर्डर गर्छन्। माटाका सामानको प्रयोग घट्दै गएको भए पनि लाखबती बाल्न माटो भाडो चाहिने र दही बनाउने उद्योग सञ्चालन गरिहेकाहरूले प्रजापतिसँग मोबाइलबाटै सम्पर्क गर्ने गरेका छन्।

यसरी लवजू, बाटी, कसजू र प्रजापतिहरू घरेलु उद्योग प्रबर्द्धनमा सूचना प्रविधिको व्यापक प्रयोग गर्ने पक्षमा भए पनि सरकार भने सुस्त गतिमा काम गरिरहेको छ।

-रविन राचलिका


तु. आवश्यकता

NGO को सहयोगमा सञ्चालित एक संस्थाका लागि मिहिनेति महिला/पुरुष कर्मचारीहरु तु. चाहियो।

| आवश्यकता | संख्या | पारिश्रमीक |
|---|---|---|
| महिला | २१ | ७५००/- |
| पुरुष | ११ | ७५००/- |

सुविधा: घरमै बसि काम गर्न सकिने
प्राथमिकता: गृहिणी महिला तथा एस.एल.सी. दिएर बसेका विद्यार्थीहरु
सम्पर्क: ४४९५२८२/२०७२७६६
नोट: शनिबार कार्यालय खुला रहनेछ।

Wanted
बिदेशि Concept द्वारा सञ्चालित Unique International Company लाई थप कर्मचारी आवश्यकता।
संख्या: 10 Ladies & Gents
योग्यता: SLC, PCL
तलब: 8000 + अन्य
सुविधा: ब्यक्तित्व विकास तथा Management सम्बन्धी Free Training
Unique International
9841747489, 9803809968
मित्रपार्क चोक, चावहिल

आवश्यकता
International Project लाई कर्मचारी आवश्यकता
योग्यता: SLC or Above
संख्या: 6 Ladies & 7 Gents
सुविधा: 9000
5532447,9803437476
9849195511
ललितपुर नख्खु दोबाटो चोक (नेपाल ग्यास संगै)
Note : बुझ्न आउदा Document अनिवार्य छ।

संगीत कलाको क्षेत्रमा नयाँ धमका !
उद्घोषण: संचारकर्मीहरुद्वारा स्टुडियोमा प्राक्टिकल सहित प्रशिक्षण
नृत्य: वलिउडका प्रशिक्षकद्वारा Break, Hipop, bolywood No-1
गायन: वरिष्ठ प्रशिक्षक मिलन सिंद्वारा
अभिनय: अनुभवी चलचित्र निर्देशक तथा प्रशिक्षकहरुबाट प्रशिक्षण
मोडलिङ: गीटार, किबोर्ड, हर्मोनियम बादी विषयमा अनुभवी प्रशिक्षकबाट प्रशिक्षण तथा गीत रेकर्डिङ,
सम्पादन: छायांकन, एल्बम उत्पादन तथा वितरण सम्बन्धी काम गरिन्छ साथै ड्राइभिङ पनि सिकाइन्छ
एभरेष्ट कल्चर एण्ड मिडिया एकेडेमी
☎ - ५५५०६६२


X-Change Offer
Remember us for repairing all kinds of Camera with service warranty, home delivery
A to Z Camera Care
Tamrakar Complex Shop No. 53
Pako, New Road
Tel: 4233133,4226873

तु-आवश्यकता
एक American Project को लागि कर्मचारी आवश्यकता
संख्या: 9 Gents / 11 Ladies
तलब: 9000+अन्य
योग्यता: SLC, PCL or above
4288512, 9841881312
9849115602
बल्खु चोक

Wanted
Basic Computer Knowledge भएका ब्यक्तीहरुलाई लाई बहुराष्ट्रिय कम्पनी संग कार्य सम्पादन गर्न सुवर्ण अवसर
न्यूनतम योग्यता: SLC वा सो सरह
सुविधा
नि:शुल्क तालिम
नि:शुल्क Master Card
नि:शुल्क Online A/C
मासिक आम्दानी १२००० भन्दा माथी
Sky.Net Institute चावहिल चोक
4478001,9803923815

# साप्ताहिक इनफो

## हिम्मतको चटारो



नायिका रेखा थापा तथा उनका निर्माता श्रीमान् छवि ओझा अहिले दोधारमा छन्। आफैंले निर्माण गरेका दुई अलग चलचित्रका कारण उनीहरू दोधारमा परेका हुन्। वास्तवमा करिब दुई वर्षको प्रतिक्षापछि उनीहरूले निर्माण गरेको चलचित्र 'हिम्मत' राजधानीमा प्रदर्शन हुने भएको छ। यही चलचित्रको प्रदर्शनको चटारोले उनीहरूले अर्को चलचित्र 'हिफाजत' को पोस्ट प्रोडक्सनको काममा समय दिन भ्याएका छैनन्।

समय अभावकै कारण सम्पादनको क्रममा रहेको हिफाजतलाई पर्याप्त समय दिन नसकेको छविले पनि स्वीकार गरेका छन्। 'नयाँ चलचित्रको प्राविधिक कार्य अघि बढाउनुभन्दा त्योभन्दा अघि नै निर्माण भएको चलचित्र प्रदर्शनमा समय दिनु उचित लाग्यो,' छविको तर्क छ। नायिका तथा निर्मात्री रेखा पनि अहिले प्रदर्शन हुन लागेको चलचित्रलाई नै बढी ध्यान दिनुपर्ने भएकाले निर्माणाधीन अवस्थामा रहेको चलचित्रलाई चाहेर पनि समय दिन नपाएकोमा चिन्तित छिन्। रेखा भन्छिन्– 'हिम्मतलाई सफलतापूर्वक दर्शकमाझ पुऱ्याउने लक्ष्य छ।'

## राजको यौनशिक्षा

पहिलो चलचित्र पर्खिबसें बाटै स्थापित भएका राजबल्लभ कोइराला अहिलेका स्थापित नायक हुन्। उनी युवतीहरूका प्रिय नायक पनि हुन्। प्रेमकथामा आधारित चलचित्रमा पहिलो छनौटमा परिरहेका राज यौनका बारेमा खुलेर कुराकानी गर्न खप्पिस छन्। हालै एउटा पत्रिकालाई अन्तर्वार्ता दिने क्रममा राजले यौनलाई जैविक यथार्थता, आवश्यकताका साथै सृष्टि चलाउने एउटा अनिवार्य माध्यमका रूपमा परिभाषित गरेका छन्। राज भन्छन्– 'नेपाली समाजमा अब यौनलाई उदार भएर सकारात्मक कुराका रूपमा लिइनुपर्छ।' यौनका बारेमा खुलेर कुरा गर्ने राजको पहिलो यौन अनुभवचाहिं कस्तो रह्यो त ? उनले भनेका छन्– 'प्रायः सबै मानिसमा रहने एक प्रकारको उत्सुकता मेटाउने शैली मात्र रह्यो, अर्थात् सामान्य □' यौनसाथीका बारेमा भने उनी संकुचित छन्। राज भन्छन्– 'एक जना मात्र साथी भएको राम्रो, तर सुरक्षित हुनु अति आवश्यक छ।' उनको सुझाव छ, एक जना मात्र यौनसाथी बनाउने चलन महिला तथा पुरुष दुवैमा लागू हुनुपर्छ। आफ्ना आँखालाई कामुक मान्ने राजको नजरमा सबैभन्दा कामुक नेपाली नायिका को होलिन् त ? उनको जवाफ छ– 'झरना बज्राचार्य।' विवाहपूर्वको यौनलाई लचकताका रूपमा लिनुपर्ने धारणा व्यक्त गर्दै राजले थपे– 'सुरक्षित यौनलाई सबैले सामान्य रूपमा लिनुपर्छ।'



# गगनचुम्बी सहर बन्दैछ काठमाडौं

पृष्ठ ७ बाट जारी

डेराबासको क्रमभंगता र आफ्नोपनका लागि मात्र होइन, अन्य थुप्रै कारणले अपार्टमेन्टमा चासो बढेको उपभोक्ताहरूको भनाइ थियो। महँगो काठमाडौंमा घर बनाउने सपना पूरा नहोला भनेर डराएका थुप्रै कामकाजी नागरिकका निम्ति लक्षित प्रोजेक्ट सार्वजनिक हुनुले पनि अपार्टमेन्टप्रतिको आकर्षण बढेको कम्फोर्ट हाउजिङका ओम भण्डारी बताउँछन्। २१ लाखदेखि ३ करोड रुपैयाँ मूल्यसम्मका फ्ल्याट सार्वजनिक हुनुले यसले रोजगारीमा आधारित मध्यमवर्गीय परिवारदेखि उच्च आर्थिक पृष्ठभूमि भएकाहरूसम्मलाई लक्षित गरेको देखिन्छ। 'क्यारियर विकास गर्ने क्रममा सङ्घर्षपूर्ण जीवनशैली भोगेकाहरूले अपार्टमेन्टमा नयाँ समुदायसग संगत गर्न पाउने भएकाले पनि अपार्टमेन्टको लोकप्रियता चुलिएको हो।' डाउनटाउनका मीनमान श्रेष्ठ भन्छन्- 'मानिसले एक चरणमा सफलता प्राप्त गरेपछि अर्को चरणको प्रवेशसँगै, अझ उच्च पृष्ठभूमिका व्यक्तित्वसँग संगत गर्ने चाहना राख्छ, यसकारण पनि त्यो संगत अपार्टमेन्ट (संयुक्त आवासगृह) तथा हाउजिङ ( सामूहिक आवास गृह) मा प्राप्त हुने विश्वास धेरैमा छ।' व्यवसायीहरूका अनुसार पहिलो आनन्ददायी तथा सुरक्षित बसोबासका अतिरिक्त न्यूनतम् आधारभूत आवश्यकताका कुरा अपार्टमेन्टहरूमा उपलब्ध हुनु, दोस्रो आफैंले घर बनाउँदा माथि उल्लेखित आधारभूत आवश्यकताको ग्यारेन्टी नहुनु, तेस्रो सहर नजिक हुनु, चौथो सानो तथा छरितो ठाउँमा स्वतन्त्रपूर्वक जीवन बिताउने चाहना हुनु, पाँचौं पानी, बिजुली तथा ढल मात्र होइन पौडीपोखरी, व्यायामशाला, इन्टरनेट, बगैंचा, खेलकुद क्षेत्रजस्ता थप सुविधा हुनु, छैटौं आवास क्षेत्रभित्र फराकिलो बाटो तथा पर्याप्त पार्किङको सँविधा हुनुले आमउपभोक्ता यसतर्फ आकर्षित भएका हुन्।

राजधानीका सानेपा, टेकु, महाराजगन्ज इमाडोल, गोठाटार, हात्तीवन, जावलाखेल, नख्खु, सिनामंगल, अनामनगर, ठैव, धोबीघाटमा ठडिने प्रक्रियामा रहेका गगनचुम्बी महलहरूले आफूले दिने सुविधाका बारेमा उपभोक्तालाई जानकारी गराइरहेका छन्। सनसिटी अपार्टमेन्टकी बजार प्रबन्धक माल्भिका सुब्बाका अनुसार उपभोक्ताले फ्ल्याटको मूल्य बढ्दै जाँदा सुविधा पनि बढ्दै जान्छ।

दस वर्षअघि चौधरी समूहले काठमाडौं रेसिडेन्सीमार्फत सामूहिक तथा संयुक्त आवासगृहको अवधारणा अगाडि सारेको थियो, जसको सफलतापछि क्रमशः यो व्यवसाय फराकिलो हुँदै गयो। सुरु-सुरुमा अपार्टमेन्टभन्दा हाउजिङमा उपभोक्ताको चासो बढी भएकाले धेरै हाउजिङ बनेका थिए। अपार्टमेन्टको लालपुर्जा नपाइने हो कि भन्ने आशंका पनि धेरैमा थियो, तर शंकाको निवारण भैसकेपछि अहिले सहरनजिकका क्षेत्रमा धेरै जग्गा ओगट्ने हाउजिङको सट्टा धेरै तलाको टावर निर्माण गर्ने अवधारणा विकास भएको छ। व्यवसायीहरूका अनुसार अबको दुई वर्षभित्रमा विभिन्न अपार्टमेन्टमा गरेर ७ हजार फ्ल्याट तयार हुनेछन्, जसमा ७ हजार परिवारको बसोबास हुनेछ।

काठमाडौं रेसिडेन्सीपछि बालकुमारीमा सनराइज, कुलेश्वरमा ओरियन्टल कोलोनी तथा बुद्धनगरमा स्तूप हाउस अपार्टमेन्ट निर्माण भए, जसलाई उपभोक्ताले रुचाएकै कारण हुनसक्छ, यसपछि अपार्टमेन्ट बन्ने क्रम बढ्दै गएको छ। कम्फोर्ट हाउजिङ तथा सिभिल होम्स समूहका हाउजिङ (सामूहिक आवास गृह) पनि एकपछि अर्को गर्दै निर्माण हुँदै गएका छन्। सनराइज होम्सका अनुसार उसले बालकुमारीका अतिरिक्त धोवीघाटमा ११ तले तीनवटा टावर निर्माण गरिसकेको छ भने नख्खुमा २ सय युनिटको टावर बनाउने प्रोजेक्ट प्रारम्भ भैसकेको छ। सिभिल होम्स र कम्फोर्ट हाउजिङले एक दर्जन सामूहिक आवास गृह निर्माण गरिसकेका छन्।



## लक्षित वर्ग


सिंगल बेडरुमदेखि ल्याविस पेन्टहाउससम्मका अपार्टमेन्ट अहिले काठमाडौंमा उपलब्ध छन्। सुविधा बढ्दै जाँदा मूल्य पनि बढ्दै जाने हुनाले लक्षित वर्ग पनि आफैं छुट्टिन्छ। सामान्यतः हाउजिङ महँगो हुने भएकाले उच्च आयस्रोत भएकाहरूलाई लक्षित गरिए पनि अहिले आएका अपार्टमेन्ट भने मध्यम आयस्रोत भएकाहरूप्रति लक्षित छ। तीन ठूला अपार्टमेन्टमा २१ देखि ५० लाखसम्मका घर तीनवर्षे किस्ताबन्दीमा उपलब्ध गराउनुले यो प्रोजेक्ट कामकाजी मानिसहरूमा लक्षित छ भन्ने देखिन्छ। सिंगल बेडरुममा पनि बाथरुम, किचन, लिभिङ रुम, बेडरुम, स्टोरजस्ता अत्यावश्यक कोठा हुन्छन्। रिङरोडभित्र बनेका अपार्टमेन्ट जग्गाको मूल्य अत्यधिक भएका कारण महँगा छन्। तीनजनासम्म अट्ने परिवारलाई सिंगल बेडरुमको अपार्टमेन्ट पनि पर्याप्त हुन्छ। रिंगरोडबाहिर भने ३ वटा बेडरुमसहितको फ्ल्याट २१ देखि ३० लाखसम्म पाइन थालेको छ। सामान्यतया गैरसरकारी संस्थामा कार्यरतहरू, बैंकिङ तथा ठूला कर्पोरेट हाउसमा कार्यरतहरू एवं डाक्टर, इन्जिनियर, प्राध्यापकजस्ता नियमित रूपमा राम्रो आम्दानी गर्नेहरू अपार्टमेन्टका लक्षित समूह हुन्। अपार्टमेन्टमा ५-७ वटा फ्ल्याट ल्याविस शैलीका हुन्छन्, जसलाई पेन्टहाउस भनिन्छ। अपार्टमेन्टको सबैभन्दा माथिल्लो तलामा पेन्टहाउस उपलब्ध हुन्छन्। जसमा गार्डेनिङ तथा ओपन स्पेससमेत हुन्छ। उच्च सम्भ्रान्तहरूले बनाएको घरको मोडलअनुरूप नै पेन्टहाउस तयार हुन्छ।

## को बस्छन् अपार्टमेन्टमा ?

सामान्यतः को बस्न जान्छन् अपार्टमेन्टमा ? पछिल्ला केही वर्षयता काठमाडौंमा घर बनाएकाहरू घर ठूलो भएको महसुस गर्दै सामूहिक आवास तथा संयुक्त आवास गृहमा सर्ने ट्रेन्ड पनि विकसित भएको छ। छोराछोरी अध्ययनका लागि बिदेसिएपछि बूढाबूढी दुई जनालाई एकाएक घर ठूलो हुने र असुरक्षित पनि हुने भएकाले सामूहिक तथा संयुक्त आवासक्षेत्र उपयुक्त मानिएको हो। आधुनिकतासँगै एकल परिवारको संस्कृति हावी हुँदै जाँदा एउटा सानो परिवार अपार्टमेन्टको फ्ल्याटमै सन्तुष्ट हुन थालेको छ। एक व्यवसायी नाम उल्लेख नगर्ने सर्तमा भन्छन्– कामकाजी युवायुवती आफ्ना अभिभावकभन्दा छुट्टै बस्ने चाहना राख्न थालेका छन्। विदेशमा जस्तै वयस्क भएपछि आफ्नो छुट्टै गरिखाने जीवनशैलीको प्रभाव यहाँ पनि पर्न थालेको उनी बताउँछन्। बाबुआमासँग बसिरहेका छोराछोरी पनि अपार्टमेन्टमा आउन थालेको उनको कथन थियो।

## अपार्टमेन्ट प्रोजेक्ट

काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिले दिएको जानकारीअनुसार वर्ष २०६५ मा काठमाडौं जिल्लामा मात्रै २१ वटा अपार्टमेन्ट प्रोजेक्टले स्वीकृति पाए। जसमध्ये पत्रपत्रिकामा विज्ञापन आइसकेका केही प्रोजेक्ट यसप्रकार छन्।



| | |
|---|---|
| सनसिटी अपार्टमेन्ट | गोठाटार |
| भेगास सिटी अपार्टमेन्ट | बालकुमारी, इमाडोल |
| सिटीस्केप अपार्टमेन्ट | हात्तीवन |
| सनराइज टावर्स | धोबीघाट र नख्खु |
| इम्पेरियल अपार्टमेन्ट | |
| सानेपा अपार्टमेन्ट | सानेपा |
| भ्यू होराइजन | धापासी |
| गुण कोलोनी | सिनामंगल |
| लाज्पा अपार्टमेन्ट | लाजिम्पाट |
| डाउनटाउन अपार्टमेन्ट | धापाखेल |
| सिटीलक्स पेन्टहाउससहित | जावलाखेल |
| सिटिभ्यु पेन्टहाउससहित | सानेपा |
| सेन्टल पार्क, वातावरणमैत्री प्रोजेक्ट, | विशालनगर |
| के एल रेसिडेन्सी | सानो गौचरन |
| प्रेस्टिज अपार्टमेन्ट | चण्डौल |
| कलश अपार्टमेन्ट | ताहाचल |


तामाङ जातिको कला, संस्कृति, भेषभूषा, बाजा, भाषा, शिक्षा, रीतिरिवाज र धर्मलाई युवामार्फत् अन्य जाति तथा आफ्नै जातिमा सामाजिकरण गर्ने उद्देश्यले आयोजित

MISS TAMANG-2009




यस कार्यक्रममा यहाँको उपस्थिति हाम्रो लागि प्रेरणादायी र यहाँको लागि ऐतिहासिक हुनेछ।

टिकट दर: Rs. 1000/-, 500/-, 300/-, 200/-

मिति : २०६५ चैत्र २२ गते (April 04 2009, Saturday)
समय : अपरान्ह ४:०० बजे
स्थान : राष्ट्रिय नाचघर, जमल, काठमाडौं

टिकट पाईने स्थानहरू:
साधना कला केन्द्र, कमलादीमोड, फोन: ४४४०२२८
सप्तक रेकर्डिङ स्टुडियो, कमलपोखरी, फोन: ४४१६७४४
काष्ठमण्डप बजार, मोक्तान प्लाजा, बौद्ध
नेपाल तामाङ राष्ट्रिय घेदुङ, पुतलीसडक
सागर योञ्जन, स्वयम्भू, फोन: ४६७१६६४

आयोजक-
नेपाल तामाङ कला संस्कृति केन्द्र
कमलादीमोड, काठमाडौं, नेपाल, फोन: ४४१६७४४, ४४१६५६६
नि:शुल्क तामाङ एम्बुलेन्स् सेवा– फोन: २००४३२३

सहयोगी संस्थाहरू:
सिभिल होम्स्, सोल्टीमोड, कालिमाटी, काठमाडौं
कान्तिपुर सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड, मीनभवन, काठमाडौं
साधना कला केन्द्र, कमलादीमोड, काठमाडौं
सप्तक रेकर्डिङ एण्ड रिसर्च सेन्टर, कमलादीमोड, काठमाडौं
नेशनल गोरखा सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ, सामाखुशी, काठमाडौं
मारुती ट्रेडर्स, त्रिपुरेश्वर, काठमाडौं

अफिसियल मिडिया
KANTIPUR TELEVISION NETWORK
साप्ताहिक
93 Gorkha FM

First time in Nepal 5.1 Surrounding Sound System

अफिसियल वेभसाईट
www. tamangsamaj.com
www.dcnepal.com
wwww.abcsamachar.com



**म २४ वर्षीय अविवाहित युवक हुँ। विगत सात महिनादेखि म एउटी विवाहित महिलासँग प्रेममा परेको छु। उनका ४५ वर्षका श्रीमान् रोजगारीका लागि विदेशमा छन्। उनी मात्र २२ वर्षकी छिन्। बितिसकेकी सौताका तर्फबाट उनका दुई सन्तान पनि छन्। श्रीमान् यहाँ हुँदा दिनहुँ जाँड-रक्सी खाएर यातना दिन्थ्यो रे। त्यसैले उनले प्रहरीमा सम्बन्धविच्छेदका लागि उजुरी दिएकी थिइन्, तर श्रीमान्ले हस्ताक्षर गरेनछन्। उनी भन्छिन्, आधा सम्पत्ति दिनुपर्छ भनेर हस्ताक्षर नगरेको हो। उनी आफ्नो चार वर्षको छोरा पनि श्रीमान्कै जिम्मा लगाएर मसँग जीवन बिताउन तयार छिन्। उनका अनुसार उनको विवाह आफन्तहरूले झुक्याएर गराएका हुन्। यो अवस्थामा मैले उनलाई अपनाएँ भने सम्बन्ध-विच्छेदको उजुरीका आधारमा मलाई कारबाही हुन सक्ने सम्भावना कत्तिको छ ? के जुत्ता लगाइसकेपछि मन परेन भनेर साट्न पाइन्छ ?**

**-नाम खोल्न नचाहने**

मैले त महिलालाई जुत्तासँग तुलना गरेको धेरै पटक सुनेको छु, तर पहिलो पटक एउटा पुरुषले आफैंलाई जुत्तासँग तुलना गरेको सुनेँ। यदि पुरुषले आफूलाई मन परेन भने विवाहपछि गैरकानुनी रूपमा अर्को विवाह गर्छ भने महिलालाई पनि त्यो अधिकार छ। जहाँसम्म तपाईंकी प्रेमिकाको समस्यासँग जोडिएको तपाईंको समस्या छ, एउटा कोणबाट नियाल्दा यो समस्या निकै ठूलो समस्या हो। आफूभन्दा उमेरमा दोब्बर मानिससँग पनि विवाह गर्नु, त्यसमाथि उसले अत्याचार गर्नु ? असहनीय कुरा हो। उनले प्रहरीमा जानु ठीकै हो, तर त्योभन्दा पनि उनले अदालत वा कुनै कानुन व्यवसायीको सहारा लिनुपर्थ्यो र त्यहीँबाट न्याय खोज्नुपर्थ्यो। अझ पनि केही बिग्रिएको छैन। अर्कातर्फ उनले छोरालाई श्रीमान्को जिम्मामा छाड्ने बताइन्। कदापि त्यसो गर्न नदिनुहोला। सक्नुहुन्छ भने उसलाई पनि तपाईं अपनाउन सक्नुहुन्छ। आमाविना हुर्कने बालकको भविष्य कस्तो होला ? तर पूर्णतः सम्बन्धविच्छेद नभै तपाईंले उनलाई अपनाउन सक्नुहुन्न नि।

## ● लभगुरु ●

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

## ● फिल्मी खबर ●

● प्रभुशमशेर राणाले निर्माण गरेको चलचित्र 'राज्य' प्रदर्शनका लागि तयार भएको छ। यो चलचित्रमा रमित ढुंगाना, सुमन सिंह, झरना थापा, नवीन श्रेष्ठ, ममता प्रधान आदि कलाकारको अभिनय छ।

● १९ वर्षपछि राजेश हमालले अभिनय गरेको उस्तै शीर्षकको चलचित्र 'युगदेखि युगसम्म'को छायांकन कार्य सकिएर सम्पादन कार्य आरम्भ भएको छ। गायक अर्जुनकुमारले निर्माण गरेको यो चलचित्रमा नन्दिता केसीको पनि मुख्य भूमिका छ। चलचित्रका निर्देशक दीपेन्द्र के. खनाल हुन्।

● नायक रवि बस्नेत फेरि एकपटक निर्माता भएका छन्। उनले निर्माण गरिरहेको चलचित्र 'अल्झेछ क्यारे पछ्यौरी'को छायांकन भैरहेको छ। वीरगन्ज तथा हेटौंडातिर छायांकन भैरहेको यो चलचित्रमा विराज भट्ट, ऋचा घिमिरे, सुनिल थापा, उषा पौडेल तथा निर्माता बस्नेतको मुख्य भूमिका छ।

● नेपाल चलचित्र संघले 'मोसन पिक्चर एवार्ड' वितरण कार्यक्रम आयोजना गर्ने भएको छ। विवादका कारण विगत केही वर्ष आयोजना नगरिएको उक्त कार्यक्रमलाई अब विवादमुक्त ढंगबाट गर्नका लागि संघले समिति गठन गरिसकेको छ। संघको कार्यसमिति बैठकले प्रवक्ता एवं द्वितीय उपाध्यक्ष प्रदीप उदयको संयोजकत्वमा 'पाँचौं नेपाल मोसन पिक्चर एवार्ड' तयारी समिति गठन गरेको छ। समितिमा महासचिव नकिम उद्दिन, कोषाध्यक्ष विपिन मल्ल तथा सदस्यद्वय वीरेन्द्रनारायण श्रेष्ठ र मधुसूदन प्रधान छन्। त्यसैगरी नकिम उद्दिनको संयोजकत्वमा गठित सुझाव समितिमा उद्धव पौड्याल, रामजी श्रेष्ठ, हरिप्रसाद द्वा तथा राजेश सिद्धि छन्।





# अन्डरगार्मेन्टस् किन लगाइन्छ ? यसको चलन कसरी सुरु भयो होला ?



## केवल एक प्रश्न

के हो यो, कस्तो अचम्मको प्रश्न ? के भन्नु ? सबैले लगाउँछन् त्यही भएर यो पनि फेसनजस्तै भएको छ। अब यसको चलन कसरी सुरु भयो भन्ने मलाई के थाहा ? यो प्रश्न समाजशास्त्रीहरूसँग सोध्नु राम्रो हुन्छ।

–बेबी थापा (मोडल)

लगाउनुपर्ने नै हुन्छ। महिलाहरूलाई त महिनावारीका बेला नभै हुँदैन। धेरै पहिलेका डिजाइनरहरूले यसको आविष्कार गरे होलान् नि, होइन ?

–जेनिषा केसी (नायिका)

लौन अचम्म, मैले त यो कुरा सोचेकै थिइनँ, साँच्चै किन लगाउनुपरेको होला ? हा...हा...हा...मलाई एक मिनेटपछि फोन गर्नुहोला, सोचेर जवाफ दिन्छुहै ? (एक मिनेटपछि) फस्नरबाट जोगिन लगाउने हो कि जस्तो लाग्यो। यसको चलन पक्कै त्यो मानिसले गऱ्यो होला, जो फस्नरबाट जोगिन सकेन, हा...हा...हा...।

–दिलीप रायमाझी (नायक)

ला...के भन्नु र ? खै किन लगाउनु परेको होला ? संवेदनशील भागलाई हाइजेनिक बनाउन हो कि अथवा एक्स्ट्रा एट्र्याक्सनका लागि पनि हुनसक्छ। यसको आविष्कार लाज भन्ने कुराको विकास भएपछि कसैले गऱ्यो होला, हि...हि...हि..., कस्तो अचम्मको प्रश्न पो सोध्नुभयो।

–रेश्मा सुनुवार (गायिका)

शरीरको संवेदनशील अंगलाई बचाउन हो कि ? प्राचीन कालमा सिकार गर्दा चोटपटक लाग्छ भनेर लंगौटी लगाइन्थ्यो। त्यसकै अत्याधुनिक रूप हो। फेरि अन्डरवेयर नलगाए फस्नरले च्याप्ने डर पनि त हुन्छ।

–अभिनव/दीपंकर कसजु (साइबरसंसार डटकम)

# हङकङबाट द प्लान




हङकङे युवाहरूको अगुवाइमा निर्मित नेपाली चलचित्र 'द प्लान' को प्रिमियर पर्सि आइतबार हुने भएको छ। यो चलचित्रमा स्थानीय मोडलिङमा परिचित नेपाली युवायुवतीहरूले अभिनय गरेका छन्। सम्पूर्ण छायांकन हङकङमै गरिएको यो चलचित्रमा पहिलो मिस हङकङ नेपाल-जुनु पुन, मोडल ध्रुव दत्त, सब्रिना श्रेष्ठ, हेम राई, शिवकुमार लिम्बू, युद्ध पुन, के.के. पुन, हेमन्त कृष्ण आदिको अभिनय हेर्न पाइनेछ। ध्रुव, सब्रिना र जुनु, चलचित्रका नायक-नायिका हुन्। 'मूलधारका कलाकार सँगैको अभिनयमा धेरै कुरा सिक्ने अवसर भए पनि दर्शकले मेरो वास्तविक अभिनय 'द प्लान' मै हेर्न पाउनुहुनेछ।' नायक दत्तले हौसिँदै भने– 'पहिलो प्रयास दर्शकले मन पराउने कुरामा म आशावादी छु।' ध्रुवको ठूलो पर्दाको चलचित्र 'विष' स्थानीय दर्शकले हेरिसकेका छन्।

द प्लानमै पहिलो पटक नायिकाको भूमिकामा देखिएकी जुनु पुन समेत दर्शकको प्रतिक्रिया सुन्न आतुर छिन्। मोडलिङ, र्‍याप र म्युजिक भिडियो हुँदै चलचित्र अभिनयमा आएकी जुनुले आत्मसन्तुष्टिका लागि अभिनय गर्ने बताइन्। 'युवाहरूको कथा समेटिएकाले नेपालका दर्शकले समेत मन पराउने कुरामा ढुक्क छु।' नायिकाले विश्वास व्यक्त गरिन्। कस्तो छ तपाईंको भूमिका ? उनले अनुहार उज्यालो पार्दै भनिन– 'सुरुदेखि अन्तसम्म सस्पेन्स छ, पूरा कथा जान्न २३ गतेसम्म कुर्नुपर्ने हुन्छ।' नायकले भने चलचित्र लोग्ने-स्वास्नीबीच मेलमिलाप नभए तेस्रो व्यक्तिले कसरी फाइदा उठाउँछ भन्ने कथामा आधारित भएको बताए। डिजिटल प्रविधिबाट निर्मित यो चलचित्रमा हङकङका मनोरम दृश्यहरू समेटिएको छ। केही महिनाभित्रै बेलायत, नेपाल र अन्य केही मुलुकमा प्रदर्शन हुने तयारीमा रहेको चलचित्र 'द प्लान' का निर्देशक, सम्पादक तथा कथाकार प्रवीन बराइली हुन्। सम्पूर्ण प्राविधिक स्थानीय रहेको यो चलचित्रको पार्श्व ध्वनि भने अमेरिकामा भरिएको हो। यो चलचित्र कृष्ण बहादुर लाम्गादेले निर्माण गरेका हुन्।





**अर्जुन कार्की अहिले नेपाली चलचित्रका व्यस्त नायकका रूपमा चिनिन्छन्। करिब दुई वर्षअघिदेखि चलचित्रमा नायकको भूमिका निर्वाह गर्न थालेका कार्कीले यो अवधिमा १४ वटा चलचित्रमा अभिनय गरिसकेका छन्। अभिनय गर्नुअघि द्वन्द्व निर्देशक तथा स्टन्टम्यानका रूपमा काम गरिसकेका कार्की चलचित्र क्षेत्रमा आउनुअघि मार्सल आर्टका खेलाडी थिए। अभिनय गर्न थालेको झन्डै दुई वर्षपछि आफ्ना दुई चलचित्र 'दोस्ती' तथा 'हाम्रो मिलन कहिले हुन्छ' प्रदर्शन हुने भएपछि उनी अहिले उत्साहित र आशावादी देखिन्छन्। कार्की पछिल्लो समयमा चलचित्र 'लभ स्टोरी २०६६ बीएस' मा व्यस्त छन्। यो चलचित्रमा पहिलो पटक दोहोरो भूमिका निर्वाह गरिरहेका कार्कीसँग साप्ताहिकका कृष्ण भट्टराईको जम्का भेट :**

**दुई वर्ष अभिनय गर्दा पनि एउटा मात्र चलचित्र प्रदर्शन हुँदा कस्तो लागिरहेको छ ?**

आफूले काम गरेका चलचित्र दर्शकले समयमै हेर्न नपाउँदा दुःख लाग्नु स्वाभाविक हो, तर अहिले एकैपटक दुई चलचित्र प्रदर्शन हुने खबरले खुसी लागेको छ।

**प्रदर्शन हुने चलचित्रमा कस्तो भूमिका निर्वाह गर्नुभएको छ ?**

काठमाडौंबाहिरबाट प्रदर्शन हुने रोज राणाको 'दोस्ती' तथा दीपक रायमाझीको 'हाम्रो मिलन कहिले हुन्छ' मा मुख्य भूमिका निर्वाह गरेको छु।

**कस्ता चलचित्रमा अभिनय गर्दा सहज महसुस गर्नुहुन्छ ?**

द्वन्द्व निर्देशकका रूपमा काम गरिसकेकाले सुरु-सुरुमा मलाई एक्सन चलचित्रमा काम गर्दा सहज अनुभव हुन्थ्यो तर अहिले हरेक प्रकारका चलचित्रमा उत्तिकै रमाइलो अनुभव हुन्छ।

**लभ स्टोरी २०६६ बीएसमा तपाईंको भूमिका कस्तो छ ?**

प्रेमकथामा आधारित यो चलचित्रमा मैले दोहोरो भूमिका निर्वाह गरेको छु। नायिकाद्वय पूजा लामा तथा सञ्जिता गुरुङसँग दुई भिन्न पात्रको भूमिका निर्वाह गर्नुपर्दा अनौठो लागिरहेको छ।

**पहिलो पटक दर्शकमाझ पुग्दै हुनुहुन्छ, केही सन्देश छ कि ?**

आगामी दिनमा दर्शककै सुझावअनुसार अभिनय गर्नुपर्ने भएकाले मैले अभिनय गरेका चलचित्र हेरेर सकारात्मक टिप्पणी गरिदिनुहुनेछ भन्ने आशा लिएको छु।

• पहिलो विश्व •

## बिकिनी वाक्सलाई प्रतिबन्ध



अमेरिकाको न्युजर्सीको अदालतले त्यहाँका महिलाहरूलाई बिकिनी वाक्स गर्न प्रतिबन्ध लगाउने योजना बनाएको छ। केही दिनअघि दुई महिलाले आफ्नो गुप्ताङ्गको वरिपरि आएको रौंलाई ब्युटिपार्लरमा गएर बिकिनी वाक्स पद्धतिमार्फत हटाउने प्रयास गर्दा उनीहरूलाई इन्फेक्सन भएर अस्पतालमा भर्ना गर्नुपरेको थियो। गर्मी महिनामा समुद्री तटमा घाम ताप्न जाने महिलाहरूबीच बिकिनि वाक्स गर्ने चलन लोकप्रिय छ। गुप्ताङ्गवरिपरिको भाग संवेदनशील हुने हुनाले उक्त स्थानको रौं उखेल्दा छालामा विभिन्न समस्या देखा पर्ने प्रयोगकर्ताहरूको अनुभव भए पनि महिलाहरूमा यो प्रविधिप्रतिको आकर्षण भने बढ्दै गएको छ। एक फोटोसेसनका लागि गरिएको बिकिनी वाक्सले यस्तो किसिमको समस्या ल्याएपछि विभिन्न ब्युटिपार्लरहरू पनि सतर्क हुन थालेका छन्। ब्युटिसियनहरूले भने राम्रोसँग यसले निम्त्याउने संक्रमणमा कमी ल्याउन सकिने जिकिर गरिरहेका छन्।

## छोराका लागि यौनको प्रस्ताव

डाउन सिन्ड्रोम रोगबाट पीडित छोराका लागि एक आमाले सम्भोग गराउने चाहना राख्दै युवतीहरूलाई आफ्नो छोरासँग यौनसम्पर्क कायम राख्न आग्रह गरिरहेकी छिन्। बेलायतको अक्सफोर्डसायरमा बसोबास गर्दै आएकी ५० वर्षीया लुसी वाक्सटरले आफ्नो २१ वर्षीय छोरासँग कुनै युवतीलाई यौनसम्पर्कको प्रस्ताव राख्न सजिलो होस् भनेर वेबसाइटको निर्माणसमेत गरेकी छिन्। लुसी भन्छिन्- 'उसको उमेरका सबै केटाले यौन आनन्द लिइसके, सबैका प्रेमिका छन्, तर ऊ अझै कुमार अवस्थामा छ। यदि उसले आफ्नो कुमारत्व भंग गर्न कुनै युवतीलाई घरमा ल्यायो भने म निकै खुसी हुन्छु। यदि उ आम्सटर्डम जान्छु भन्यो भने पनि म खर्च दिन तयार छु।'



उक्त रोग लागेको मानिस शारीरिक रूपमा सुस्त देखिए पनि उनीहरूको भित्री मन भने सामान्य मानिसको जस्तै हुन्छ। त्यही भएर यस्ता किसिमका मानिसको मानसिकता बुझ्न पनि उनीहरूका लागि सामान्य वातावरण सिर्जना गर्नुपर्छ।



### अन्त्यमा..

साउदी अरेबियाका महिलाहरूले अझै पनि आफूले लगाउने भित्री पोसाक (ब्रा, पेन्टी) आफैंले किन्न नसक्ने अवस्था छ। त्यहाँको स्थानीय कानुनले पसलहरूमा महिला कर्मचारीलाई काम गर्न नदिएपछि उनीहरूले यस्तो किसिमको समस्या भोगेको वर्षौं भैसक्यो। उनीहरूले समाधानस्वरूप आफ्नो भित्री पोसाक आफ्ना पुरुषहरूलाई किन्न लगाउने गरेका छन्। केही पसलमा महिला कर्मचारीहरू राखेर बिकिनी बिक्री गराउने कानुन ल्याउने प्रयास भए पनि त्यसलाई अझै कार्यान्वयन गर्न सकिएको छैन। सरकारले हालै महिलाको भित्री पोसाक बिक्री गर्ने पसलमा पुरुष कर्मचारीहरू नराख्न सार्वजनिक अपिलसमेत गरेको छ।

▸▸ नेपाल टेलिभिजनबाट प्रसारण भैरहेको हास्यश्रृंखला 'मेरी बास्सै' का दुई मुख्य पात्र सीताराम कट्टेल (धुर्मुस) तथा कुन्जना घिमिरे (सुन्तली) लाई अब दर्शकहरूले मोडलका रूपमा समेत देख्न पाउनेछन्। केही महिनाअघि वैवाहिक जीवनसमेत प्रारम्भ गरिसकेका धुर्मुस र सुन्तलीलाई मुख्य पात्र बनाएर एकैपटक दुईवटा टेलिभिजन विज्ञापन तयार भएको छ। सौराहामा छायांकन गरिएको एक-एक मिनेट लामो उक्त विज्ञापन एड्ससम्बन्धी जनचेतना जगाउने शैलीका छन्। किशोर कार्कीले निर्देशन गरेको उक्त विज्ञापनमार्फत धुर्मुस र सुन्तलीले हास्य प्रस्तुतिमार्फत आमजनतालाई एड्ससम्बन्धी जनचेतना जगाउनेछन्। चाँडै नै उक्त विज्ञापन टेलिभिजन च्यानलहरूमार्फत प्रसारण हुनेछ।

▸▸ इमेज च्यानलबाट प्रसारण भैरहेको पारिवारिक टेलिश्रृंखला 'जिन्दगी' लोकप्रिय भैरहेको छ। मंगलबार राति ८:२५ बजे प्रसारण हुने यो टेलिश्रृंखलामा दीपक त्रिपाठी, सौन्जय सुब्बा आदि कलाकारले प्रमुख भूमिका निर्वाह गरेका छन्।

▸▸ कान्तिपुर टेलिभिजनबाट प्रसारण प्रारम्भ भएको मनोरञ्जनात्मक कार्यक्रम 'ग्ल्यामर गफ' ले प्रसारणको २५ औं भाग पूरा भएको छ। रजत महोत्सव मनाएलगत्तै यो कार्यक्रमको प्रसारण समय पनि परिवर्तन गरिएको छ।

• सानो पर्दा •

यसअघि मंगलबार राति ७:२५ बजे प्रसारण हुने यो कार्यक्रम चैतको दोस्रो सातादेखि प्रत्येक आइतबार राति ७:२५ बजे प्रसारण हुन थालेको छ। कार्यक्रमको सञ्चालन तथा निर्देशन प्रकाश सुवेदीले गरिरहेका छन्।



▸▸ टेलिचलचित्र निर्माणमार्फत सामाजिक चेतना अभिवृद्धि गराउने पक्षमा अगाडि रहेका निर्देशक तथा कलाकार लय संग्रौला पुनः दर्शकमाझ आएका छन्। नयाँ टेलिचलचित्र 'आमा' मार्फत उनी दर्शकमाझ आएका हुन्। यसअघिका विभिन्न टेलिश्रृंखलामार्फत नयाँ-नयाँ कलाकारलाई टेलिभिजनको पर्दामा उतार्ने संग्रौलाको यो श्रृंखलामा सरला सुनार प्रमुख भूमिकामा देखिएकी छिन्। निर्देशक संग्रौलाका अनुसार श्रृंखलामा उनले प्रभावकारी भूमिका निर्वाह गरेकी छिन्। त्यसो त सरला अहिले सुरेशदर्पण पोखरेलको चलचित्रसम्बन्धी कार्यक्रम 'उडमाण्डु' पनि सञ्चालन गरिरहेकी छिन्। उडमाण्डु एनटीभी-२ बाट प्रसारण भैरहेको छ। संग्रौलाले टेलिचलचित्र 'आमा' मा विशाल पोखरेल, श्रीप्रसाद थापा, तारा केसी, कमल बोहोरा, पुरन क्षेत्री, कैलाश अधिकारी तथा डोल्मा शेर्पालाई पनि स्थान दिएका छन्। टेलिचलचित्र 'आमा' नेपाल टेलिभिजनबाट प्रसारण भैरहेको छ।

▸▸ 'बोक्सी' शीर्षकको टेलिश्रृंखलामा अभिनय गरेर दर्शकमाझ परिचित भएका कलाकार डी.आर. विश्वले केही म्युजिक भिडियोमा पनि अभिनय गरिसकेका छन्। हालसम्म सानो पर्दाका दर्शकमाझ मात्र परिचित डी.आर.लाई अब चाँडै ठूलो पर्दामा पनि देख्न पाइनेछ। प्रदर्शनका लागि तयार चलचित्र 'बेरोजगार' मार्फत उनले ठूलो पर्दाको यात्रा प्रारम्भ गरेका हुन्।

## साप्ताहिक क्विज १४

▸ साप्ताहिक-कुसुमे रुमाल क्विजको उत्तर आगामी शुक्रबारसम्म आइपुग्ने गरी साप्ताहिकको ठेगानामा पठाउनुहोला।

▸ कुपनमा पठाइएको उत्तर मात्र स्वीकार्य हुनेछ।

▸ विजेताहरूमध्ये गोलाप्रथाबाट पाँच जनालाई गोपीकृष्ण मुभिजका तर्फबाट निरक पौडेलद्वारा निर्देशित एवं सौर्यजित बास्कोटाद्वारा संगीतबद्ध चलचित्र 'नयाँ कुसुमे रुमाल'का सुमधुर गीतहरू संग्रहित एक-एकवटा अडियो सिडी वा क्यासेट प्रदान गरिनेछ। साथै पाँच जनालाई काठमाडौंको चाबहिलस्थित गोपीकृष्ण मुभिजमा प्रदर्शन भैरहेको चलचित्रको २-२ वटा टिकट प्रदान गरिनेछ।

▸ यो 'साप्ताहिक-कुसुमे रुमाल' क्विजका सर्त तथा नियमहरूमा सर्वाधिकार संयुक्त रूपमा कान्तिपुर पब्लिकेसन्स तथा गोपीकृष्ण मुभिजको रहनेछ।

**नयाँ कुसुमे रुमालका दुई नवनायिकाहरु को को हुन ?**

..................................................

..................................................

नाम : ..............................

ठेगाना : ..............................

..............................

फोन नम्बर : ..............................

**क्विज-११ को उत्तर : निरक पौडेल**

**क्विज-११ का टिकट विजेताहरू:**

१. डेविड शाह, चाबहिल
२. सुपेन्द्र लुङ्बा, आरुबारी
३. प्रकाश भण्डारी, शंखमुल
४.निर्मला श्रेष्ठ, बाङ्गेमुढा
५. निरोज खतिवडा, जयबागेश्वरी

**क्विज-११ का सीडी विजेताहरू:**

१. प्रेम श्रेष्ठ, तनहुँ
२. अमर ब. पुन थापा, बागलुङ्
३. राजेन्द्र पण्डित, कल्लेरी
४. रमेश रिजाल, सानो ठिमी
५. राजाराम परियार, धादिङ्

विजेताहरुले परिचय पत्रसहित गोपीकृष्ण मुभिज, चावहिल फोन नं. ४४७९८९३/४ मा एक महिनाभित्र सम्पर्क राख्नुहोला। उपत्यका बाहिरका विजेताले परिचित व्यक्तिमार्फत परिचय पत्र पठाई पुरस्कार पाउन सक्नुहुनेछ।




## • साताको स्वर •



भूषण भट्टराई

**टुक्रेको मुटु... आधुनिक गीत हो कि पप ?**
झट्ट सुन्दा आधुनिक लागे पनि यो सेन्टिमेन्टल पप गीत हो।

**शब्द, संगीत तथा गायनमा एक्लै काम गर्दा गाह्रो भएन ?**
खासै गाह्रो भएन। वियोगान्त शब्द रचना गरेपछि संगीत भर्न मन लाग्यो। संगीत भरेपछि आफैंले गाऊँ-गाऊँ लागेर रेकर्ड गराएँ।

**कुन उमेरका श्रोताले मन पराए त ?**
युवापुस्ताप्रति समर्पित भएकाले उनीहरूले नै बढी मन पराएका छन्।

**म्युजिक भिडियोको प्रदर्शनपछि कस्तो प्रतिक्रिया पाउनुभएको छ ?**
म्युजिक भिडियो प्रसारण भएपछि मात्र श्रोताहरूले मलाई गायकका रूपमा चिने।

**कस्तो बन्यो त भिडियो ?**
प्रदीप कसपालको निर्देशनमा गीतको शब्दअनुरूपकै भिडियो बनेको छ।

## • अफबिट •



गायिका आगन्तुक खरेल आफ्नो नयाँ एल्बम 'बयर बोटैमा' को शीर्षक गीतको म्युजिक भिडियोमा अभिनय गर्दै।

## • लाइभ •

• पर्सि आइतबार राजधानीको लाजिम्पाटस्थित ग्यालरी क्याफेमा एउटा सांगीतिक कार्यक्रम हुँदैछ। साँझ ५:३० बजेदेखि ८ बजेसम्म चल्ने कार्यक्रममा पाश्चात्य संगीतका चर्चित गायक बब मेन्सले क्यालसिक रक संगीत प्रस्तुत गर्नेछन्। कार्यक्रममा उनलाई डेस्मन्ड ओ'□ल्याटरी तथा एन्थोनी कोरेलले पनि साथ दिनेछन्।

## • म्युजिक अपडेट •

▸ पप गायक नवीन के भट्टराई अब चलचित्र संगीतकारका रूपमा चिनिनेछन्। श्याम भट्टराईले निर्देशन गर्ने नयाँ चलचित्र 'च्यालेन्ज' मा गायक भट्टराई संगीतकारका रूपमा अनुबन्धित भएका हुन्। वैशाखदेखि छायांकन प्रारम्भ हुने उक्त चलचित्रका लागि गायक भट्टराईले संगीत तयार पार्न थालिसकेका छन्।

▸ गायक-गायिकाहरूले आ□ना गीतको रोयल्टी पाउनुपर्ने माग गरेका छन्। यसअघि रचनाकार तथा संगीतकारले मात्र रोयल्टी पाइरहेका थिए। नेपाल प्रतिलिपि अधिकार संरक्षण समाज, संगीत रोयल्टी संकलन समाज तथा गायन विधाका स्रष्टाद्वारा गत सोमबार राजधानीमा आयोजित एउटा अन्तर्क्रिया कार्यक्रममा गायक–गायिकाले प्रतिलिपि अधिकार ऐन, २०५९ मा गीतकार तथा संगीतकारले मात्र रोयल्टी पाउने व्यवस्था भएकाले त्यसलाई सच्याउन आग्रह गरेका हुन्।

▸ गत शुक्रबार राजधानीमा आयोजित एक सांस्कृतिक कार्यक्रममा युवापुस्ताका गायकहरूले गीत-संगीत प्रस्तुत गरे। प्रज्ञा प्रतिष्ठानमा आयोजित उक्त कार्यक्रममा गायकहरू कविराज निरौला, हिमाल सागर, डिजराज पौडेल, आरपि भट्टराई आदिले आफ्ना लोकप्रिय गीत-संगीत प्रस्तुत गरेका थिए। कार्यक्रममा शिवशंकर रिजालको व्यंग्यात्मक प्रस्तुतिले दर्शकहरूलाई हँसाएको थियो।

▸ म्युजिक नेपालद्वारा गत सोमबार राजधानीमा आयोजित एक समारोहमा नेपाल संगीत विद्यालयका विद्यार्थी मदन गोपालले गाएका गीतहरूको पहिलो संग्रह 'आकृति' को विमोचन भएको छ। सिनामंगलस्थित नेपाल म्युजिक सेन्टरमा आयोजित एक समारोहमा गोपालको उक्त संग्रह विमोचन गरिएको हो। उक्त अवसरमा विमोचित संग्रहको एउटा म्युजिक भिडियो पनि प्रदर्शन गरिएको थियो।

▸ युवा रेकर्ड्सले उत्पादन गरेका तीनवटा गीति संग्रहको विमोचन भएको छ। हालै राजधानीमा आयोजित एक समारोहमा गायक सुदीप गिरीको 'कथा', किसन गुरुङको 'मेला' तथा सुमन कोयूको 'रि-इन्ट्री' एकै पटक विमोचन गरिएको हो। यसबीच युवा रेकर्ड्सबाट उत्पादन गरिएका विभिन्न गीति संग्रहका छवटा म्युजिक भिडियो पनि प्रदर्शनमा आएको छ।

▸ गायक पूर्ण राईले गाएका आधुनिक गीतहरूको पहिलो संग्रह 'पहिलो भेट' को विमोचन सम्पन्न भएको छ। संगीतकार न्हुयू बज्राचार्यद्वारा इमेज एफ.एम.को एउटा सांगीतिक कार्यक्रममा उक्त संग्रह विमोचन गरिएको हो। संग्रहको शीर्षक गीतको म्युजिक भिडियो पनि यसै साता सार्वजनिक गरिएको छ।

▸ गायक हिमाल सागर लामो समयपछि श्रोतामाझ आउने भएका छन्। आगामी वैशाख १ गते उनले आफ्नो दोस्रो एकल गीति संग्रह 'त्यो दिन' सार्वजनिक गर्नेछन्।

▸ राजधानीमा आयोजित एक सांगीतिक कार्यक्रममा नेपाली दर्शकले ज्याज संगीतबाट मनोरञ्जन लिने अवसर पाएका छन्। फ्रान्सेली ज्याज समूह ओज्माले टुडिखेलस्थित आर्मी क्लबको हलमा भेला भएका संगीत पारखीहरूमाझ करिब दुई घन्टासम्म ज्याज संगीतको सुमधुर धुन प्रस्तुत गरेको थियो।


▸ संविधानलाई समावेशी बनाउन विभिन्न सांगीतिक संस्थाका स्रष्टाहरूले गीतमार्फत् सुझाव पेस गर्न गीति कार्यपत्र प्रस्तुत गरेका छन्। अघिल्लो बिहीवार राजधानीमा आयोजित एक समारोहमा उक्त गीति कार्यपत्र प्रस्तुत गरिएको हो। कार्यपत्रमा विभिन्न सांस्कृतिक संस्था तथा प्रगतिशील स्रष्टाद्वारा तयार पारिएका १२ गीतलाई समेटिएको छ। कार्यपत्रमा रामेश, रायन, जेबी टुहुरे, रामकृष्ण दुवाल तथा प्रदीप देवानजस्ता कलाकारको विशेष प्रस्तुति छ। सानो पुस्तकको आकारमा प्रस्तुत उक्त गीति कार्यपत्रमा समावेशी झल्कने विभिन्न जातजाति, सम्प्रदाय, धर्म तथा संस्कृतिलाई समान अधिकार दिनुपर्ने जस्ता विषयलाई गीतमार्फत प्रस्तुत गरिएको छ।

▸ सन् २००६ मा प्रारम्भ भएको गायक निर्णय श्रेष्ठको 'निर्णय द एनएसके टुर फर एजुकेसन' को नयाँ कार्यक्रम यसै साता सम्पन्न हुने भएको छ। देश तिलक विद्यालयमा आयोजना गरिने यस पटकको कार्यक्रममा गायक श्रेष्ठलाई गायिका मौसमी गुरुङ, प्रशना शाक्य तथा मिस टिन काठमाडौं एलिसा मानन्धरले साथ दिनेछन्।

▸ आदिवासी गीतकार समाज हङकङको पहिलो प्रस्तुति गीति संग्रह 'आदिवासी' को विमोचन सम्पन्न भएको छ। हङकङमै बसोबास गर्दै आएका गीतकार, संगीतकार, गायक, गायिकाको संलग्नता रहेको उक्त संग्रहमा नौवटा गीत समावेश छन्। सोही समारोहमा संगीतकार पारस मुकारुङको अध्यक्षतामा नेपाल-हङकङ सांगीतिक मञ्च पनि गठन भएको छ।

▸ नेपाल म्युजिक सेन्टरको आयोजनामा गत शनिबार राजधानीमा 'शास्त्रीय सुधा' कार्यक्रम आयोजना गरियो। कार्यक्रममा गायिका संगीता प्रधानले एकल शास्त्रीय गायन प्रस्तुत गरिन्। कार्यक्रममा उनले विभिन्न रागका साथै भजन पनि प्रस्तुत गरेकी थिइन्। उनलाई तबलामा नीलेश तण्डुकार, तानपुरामा मालती आचार्य तथा हार्मोनियममा रामहरि गुरुङले साथ दिएका थिए। हरेक महिनाको १५ गते हुने उक्त सांगीतिक कार्यक्रम श्रृंखलाको चौथो संस्करण हो।

## • ब्यान्ड •



# फ्रेन्ड्ज ब्यान्ड

काठमाडौंका छ जना युवा संगीतकर्मीहरू विभिन्न उद्देश्य लिएर बेलायत पुगेपछि त्यहीं उनीहरूले एउटा सांगीतिक समूह ...फ्रेन्ड्ज ब्यान्ड□ स्थापना गर्ने निर्णय गरे। छजना सहकर्मीमध्ये विजेन्द्र र लोकेन्द्र गायक तथा गिटारिष्ट हुन्। निसाफ गायन ड्रमरका रूपमा सक्रिय छन्। बुद्ध किबोर्ड तथा हार्मोनियम वादक हुन्। बिजे आर. बास गिटारिष्ट तथा गायक हुन् भने नवीन गायक हुन्।

समूहले आफ्नो सांगीतिक समूहको प्रचारका लागि एउटा वेबसाइट पनि तयार पारेको छ। समूहका चारजना सदस्य बेलायतको वेम्ब्लीमा बसोबास गर्छन् भने बाँकी दुई संगीतकर्मी दुई भिन्न सहरमा बस्छन् तर सांगीतिक कार्यक्रमका क्रममा उनीहरू नियमित भेटघाट गर्छन् र नयाँ–नयाँ गीत-संगीत सिर्जना गर्छन्। समूहका बुद्ध तथा विजेन सामाखुशीका हुन् भने लोकेन्द्र र बिजे चक्रपथका हुन्। निसाफ धुम्बाराहीका स्थायी बासिन्दा हुन् भने नवीन लाजिम्पाटका हुन्। समूहले पहिलो पटक लोसारको अवसरमा आयोजित सांगीतिक कार्यक्रममा गीत-संगीत प्रस्तुत गरेको थियो। मेलोडियस गीत-संगीत सिर्जना गर्ने लक्ष्य लिएको यो समूहले गीतको संख्या बढेपछि ती गीतहरू रेकर्डिङ गरेर गीति संग्रह पनि सार्वजनिक गर्ने योजना बनाएको छ। यो समूहका संगीतकर्मीले विदेशबाट भए पनि नेपाली गीत-संगीतको क्षेत्रमा योगदान पुर्‍याउने उद्देश्य लिएका छन्।

## ● तालुमा आलु ●



प्रकाश ओझा

एउटा अग्लो व्यक्ति सिंहलाई डोऱ्याएर न्यूरोड घुम्दै थियो, एउटा पुलिसले देख्यो र छक्क पर्दै भन्यो।

'पागल भयौ कि क्या हो ?'

'किन के भो ?' व्यक्तिले सरल भावमा भन्यो।

'तिमी कुकुर होइन सिंह डोऱ्याएर हिँडिरहेका छौ, मानिसले के सोच्छन् ? तिमी यसलाई चिडियाखाना लैजाऊ।'

'हवस् हजुर।'

भोलिपल्ट त्यही पुलिसले त्यही सिंहलाई डोऱ्याउँदै न्यूरोड घुमाइरहेको अवस्थामा त्यही व्यक्तिलाई भेट्यो।

'ओ भाइ' रिसाउँदै पुलिसले भन्यो- 'तँलाई मैले यो सिंहलाई चिडियाखाना लान भनेको होइन ?'

'हिंजो लगें त हजुर। यसलाई चिडियाखाना लगेर घुमाएँ, आज चलचित्र हेराउन विश्वज्योति हल लाँदैछु।'

०००


मुर्दाघरमा चारवटा लास थिए। चारवटै लास हाँसिरहेको अवस्थामा थिए।

### मेरो कुरो

जुन-जुन महानुभावलाई कपाल झर्ने रोग लागेको छ उहाँहरूका लागि नयाँ क्रिमको आविष्कार भएको छ। त्यो क्रिम लगाउनुपर्छ एक हप्ता। एक हप्तापछि कपाल त उम्रिँदैन तर खोपडी चाउरिन थाल्छ अनि तपाईंको कपाल घना देखिनेछ।

## ● लघुकथा ●

# लगानीको मूल्य



तिमी छोरी हौ, त्यसैले मैले भनेको हरेक कुरा मान्नुपर्छ, बुबाले बारम्बार सुधालाई भनिरहन्थे। त्यसैले सुधा भित्रभित्रै विभाजित भएकी थिई। इच्छा, आकांक्षा अनि सपनाभित्र ऊ सानैदेखि कैद हुँदै आएकी थिई। एकदिन बुबाले सुधालाई सहर घुमाउन काठमाडौं लगे। केही दिन घुमेपछि त्यहींको एक मन्दिरमा अचानक उसको विवाह गरिदिए। सुधाले सोची यो विवाह नै उसको जिन्दगी हो, भविष्य हो। उसले आफ्नो मनसँग एउटा बलियो सम्झौता गरी। आफ्नो उमेरभन्दा आधा बढी उमेरको व्यक्तिसँग विवाह भए पनि चुपचाप स्वीकार गरी।

विवाह भएको केही दिनपछि अचानक ऊ झस्की। जब उसले अर्को कोठामा आफ्ना बुबा र विवाह गर्ने व्यक्ति कुरा गरिरहेको सुनी। उसका बुबा भन्दै थिए- 'आजसम्म मैले पालें, हुर्काएँ, बढाएँ। मेरो धेरै लगानी छ। त्यसैले अब मलाई त्यो लगानीको मूल्य चाहियो, किनकि सुधा मेरी छोरी होइन उसलाई मैले सडकबाट उठाएर ल्याएको हुँ।

**– रञ्जु मार्ग**

## ● सन्देश ●

कृषा, के छ हालखबर ? फोन गर्दा पनि भेट हुन सकेन । फुर्सद भयो भने भोलि शनिबार एक पटक फोन गर, कस्तो कुरा गर्न मन लागेको छ ।

**करिना**

सन्ध्या, अब त तिमी अर्कै स्कुल पढ्ने भयौ रे होइन ? अर्को स्कुलमा पढे पनि हामीलाई चाहिं नबिर्सनु ल ।

**संयम**

जीवन, विदेश जानुअघि एकपटक भेट्छु भनेको होइन ? किन मलाई भेट्दा पनि नभेटी, फोन पनि नगरी गएको ? विराटनगरबाट काठमाडौं आएर मलाई भेटेर मात्र उड्छु भनेको होइन ? तिमी त झूट्टा पो रहेछौ ।

**नवीना**

बुहारी सुजु, बहिनीहरू रजनी र रञ्जिता, तिमीहरूले बीए पास गरेको सुनें, साह्रै खुसी लाग्यो । जीवनमा सधैं यसैगरी प्रगति गर्दै जानू ।

**जया**

अरु., यसपटक त आमा-छोरी दुवै जनाको बर्थडे एकै दिन परेछ ☐ पार्टी त ठूलै दिने होला नि ?

**पापा**



लगभग दुई वर्षअघि भएको स्कुलका साथीहरूसँगको विछोड मेटिन नपाउँदै फेरि तपाईंहरूसँग हुने विछोडले मन डराउन थालेको छ । विछोड मेरा लागि मृत्यु हो । त्यसैले मलाई गाढा माया नदिनुहोला ।

**अज्ञात**

सुनिता, तिम्रो यादमा दिन-रात बिते, अझै बितिरहून् । तिम्रो ओठमा मुस्कान छाउँछ भने म तिम्रो यादमा जलिरहन्छु । अब आधा जिन्दगी त जलिसक्यो भने बाँकी जिन्दगी जल्दा के नै होला र ? तिमीले भनेका कुरा, खाएका कसमहरू कहिल्यै पनि भुल्नेछैन, अन्तिम श्वाससम्म तिम्रो नाम लिइरहन्छु ।

**भक्त**

**सूचना**

नववर्ष २०६६ प्रवेशका अवसरमा आफ्ना इष्टमित्र एवं शुभचिन्तकहरुलाई शुभकामना सन्देश पठाउन चाहने पाठकहरुले आफ्नो सन्देश साप्ताहिकको कार्यालयमा चैत २३ गतेभित्र पठाउन सक्नुहुनेछ।

-सम्पादक

## कुपन सन्देश

पाउने :

पठाउने :

सन्देश :

## साप्ताहिक साथीका लागि फर्म

नाम : ..............................

उमेर : .................. उचाइ : ..................

पेसा : .................. शिक्षा : ..................

स्वभाव : .................. वैवाहिक स्थिति : ..................

अभिरुचि : .................. वर्ण : ..................

इमेल :

ठेगाना :

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..............................

..............................

**नोट** : तस्बिर र नगद रु. ५०/- अनिवार्य छ । आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ ।

## ● जीवनको गोरेटोमा ●

# उसलाई भन्नु

कहाँबाट सुरु गरूँ भत्किएको जीवनको कथा ? चोखो माया लगाउन खोज्दा धोका अनि विछोडको वेदना सहन बाध्य हुनुपर्दो रहेछ सायद यही नै जीवन हो । दिनपछि रात, हाँसोपछि आँसु र मिलनपछि विछोड त संसारको रीतै रहेछ यसलाई कसैले मेटाउन सक्दैन न बाँध्न नै, बस यो त आफ्नो गतिमा निरन्तररूपमा चलिरहन्छ । मानिसको जीवन भनेको बगेको खोलासरी रहेछ । जुन फर्केर आउँछ भन्ने कुनै आशा नहुँदो रहेछ ।



परिस्थिति र भोगाइका क्रममा आउने पीडादायक क्षणको सामना गर्दै जीवनसँग खेल्नु अनि मनले नचाहँदा नचाहँदै पनि आँसुलाई अँगाली हिंड्नु पर्दोरहेछ तर जीवन भनेको रहस्यमय कल्पना हो अनि चुनौती पनि सामना गर्न सिक्नुपर्छ, मानिसको सम्झना कहिल्यै मर्दैन, मानिस बिलाएर गए पनि उसको सम्झना मनको एउटा कुनामा सधैं मखमली फूलझैं फुलिरहन्छ कहिल्यै नओइलाउने गरी, बस सम्झना र कल्पनाको सागरमा डुब्नु रहेछ जिन्दगी । जीवन जिउने क्रममा विभिन्न परिस्थितिसँग संघर्ष गर्दागर्दै कतै भूमरीमा, कुनै दोबाटोमा र कहिले कतै दलदलमा फस्दा साथीको साथ नपाउँदा मणिबिनाको सर्प जस्तै छटपटिंदो रहेछ यो मन । यो जीवन कस्तो जीवन कसैको साथ बिना एक कदम पनि अघि बढाउन नसकिने ? प्रेमको सुन्दर बगैंचामा रहेको फूल फुलाउन वसन्त ल्याउने मेरो सपना चैत-वैशाखको हुरीमा विलीन भएको छ र त्यही हुरीसँगै मेरो मीठो सपना र चाहना पनि चकनाचूर भयो ।

हो, गल्ती मेरै थियो, मैले मेरो मनको आवाज सुन्नुपर्ने ठाउँमा यो निष्ठुरी समाजको आवाज सुनी जानीजानी आफूलाई त्यो विश्वासघातको दलदलमा फसाएँ, मैले ढुंगालाई देउता सम्झी पुज्ने प्रयास गरें, माया गरी आँखाको नानी बनाई संसारलाई हेर्न प्रयास गरें, मायाको अर्थ नबुझी वास्तविकतालाई नचिनियाली एकोहोरो प्रेम गरिरहें... गरिरहें...।

यो संसारमा साँचो माया पाउनु 'मणि फेला पार्नु जस्तै हो, एक हातले ताली बज्दैन, एकोहोरो रोटी पाक्दैन र एकोहोरो प्रेम पनि कहिल्यै सफल हुँदैन भन्छन् वास्तवमा हो रहेछ एकोहोरो प्रेम सफल हुँदो रहेनछ । यसको अन्त्य मात्र ... र वेदनाको सागरमा डुबेर हुन्छ । प्रेममा पीडा हुन्छ, धोका हुन्छ भन्ने थाहा हुँदाहुँदै पनि मानिस प्रेमको जालमा फस्छन् । आखिरमा किन यस्तो हुन्छ ? भन्छन्- प्रायः सबैको जीवनको पहिलो प्रेम सफल हुँदैन, के प्रेम गर्नु अपराध हो ? पाप हो ? यदि हो भने ठीकै छ सफल जिन्दगीको कामना छ तिमीलाई आफू अधुरो भए पनि...।

वास्तवमा यो संसार निष्ठुरी छ । आफू मात्र रमाइरहेको हुन्छ तर यो कलिलो कोपिलाको कलिलो मनलाई विछोडको काँडाले छियाछिया पारिदिन्छ । आकाशले दिन-रातसँग चन्द्रमाले शीतलतासँग धर्तीले वनपाखासँग र वनपाखाले सुरिलो सुसाइसँग आनन्ददायी क्षण बिताइरहेका हुन्छन् । यो कोपलालाई भने आँसुको सागरमा डुबाइदिन्छन् । आखिरमा किन साँचो प्रेमको अन्त्य वियोगान्त हुन्छ ।

यो संसार निष्ठुरी छ, स्वार्थी छ । योसँग लड्न साह्रै गाह्रो छ जो यो संग लडन सक्दैन ऊ जिउँदो लास भएर बाँच्न बाध्य हुन्छ । त्यसको अस्तित्व हुँदैन उसको अस्तित्व यो संसारको खुला आकाशमा विलीन हुन्छ । जसरी धूँवा हावामा विलीन हुन्छ त्यसरी नै ऊ अस्तित्वविहीन भै तड्पी-तड्पी बाच्न विवश हुन्छ ।

**-आयुषा**

## ● साथी ●






# अछाम घुमाउन रामरोसन महोत्सव

**रबिन राचलिका**

यस वर्ष अछाममा परेको खडेरीले जनजीवन कष्टकर भएको छ । यही कष्टलाई भुलाउन बाहिर जिल्लाबाट आन्तरिक पर्यटन भित्र्याएर अछामका पर्यटकीय महत्त्व बोकेका क्षेत्रहरूको उजागर गर्न महोत्सव गर्न लागिएको छ । रामरोसन महोत्सव १२ बन्द १८ खण्डको उपनामबाट समेत चिनिएको अछामको रामरोसन गाविसमा हुन लागेको हो । महोत्सव चैत २५ र २६ गते दुई दिन चल्नेछ ।

१२ वटा ताल र १८ वटा पाटन भनिने घाँसे मैदान भएको रामरोसन निकै रमाइलो ठाउँ हो । प्राकृतिक सम्पदाले भरिएको अछाममा पर्यटकहरूको चहलपहल बढाउन जिविस अछामले महोत्सवको आयोजना गर्न लागेको हो । रामरोसन क्षेत्र, कर्णाली नदी, बुढीगंगा नदी, कैलाश नदी, बैजनाथ मन्दिर, बरदादेबी मन्दिर, बिनायक पञ्चदेवल मन्दिर, बान्नीगढी, नन्दामाता देवी, षोडशादेबी मन्दिर र तितौडा मन्दिर अछामका पर्यटकीय महत्त्व बोकेका क्षेत्र हुन् ।



३ हजार मिटर उचाइमा रहेका रामरोसन क्षेत्रका १२ मध्ये केही ताल सुक्न थालेका छन् । यी सुकेका तालको जगेर्ना गर्नुपर्ने जनचेतना फैलाउन महोत्सव उपयोगी हुने आयोजकहरूले बताएका छन् । यस क्षेत्रको उत्तरी क्षेत्रमा रहेको अग्लो भूभागमा अवस्थित चट्टानयुक्त पहाड आकर्षक देखिन्छ ।

रामरोसनलाई पर्यटकीय गन्तव्यका रूपमा पहिचान र स्थापित गराइ स्थानीय वासिन्दाहरूको जीवन स्तर उकास्ने लक्ष्य जिविसले राखेको छ । यही लक्ष्य हासिल गर्ने पहिलो कदमका रूपमा महोत्सव गर्न लागिएको हो ।

महोत्सवमा स्थानीय भैलो, होरी, पुतला, भुवो नाच, हुड्के नाच, देउडा नाचको प्रतियोगितात्मक प्रदर्शन गरिनेछ । यसका साथसाथै मनोरम स्थलहरूको स्थलगत भ्रमणसमेत गराउने कार्यक्रम छ । यहाँ बास बस्नका लागि घरघरमा होम-स्टेको व्यवस्था मिलाइएको छ । स्थानीयवासीको आर्थिक पक्ष सुदृढ गर्ने उद्देश्यका साथ होटेलहरू सञ्चालन नगराई होम-स्टेहरू सञ्चालन गरिएका हुन् ।

**रामरोसन जाने बाटो**

काठमाडौंबाट रामरोसन पुग्न तीनवटा मुख्य रुट छन् । पहिलो रुटबाट जानेहरू नेपालगन्ज हुँदै काठमाडौंबाट १३ घण्टाको बस वा सवारीमा यात्रा गरे पछि धनगढी पुग्न सक्छन् । त्यसपछि ११ घण्टाको कालोपत्रे सडकबाट साँफेबगर पुगिन्छ । साँफेबगरबाट दुई दिनको पदयात्रापछि महोत्सव स्थल रामरोसन पुगिन्छ । साँफेबगरबाट रामरोसनसम्म पदयात्रा गर्दा जयगढ, मुजाबगर, सनानीगाँउ, तल्लोपाताल, माथिल्लो पाताल आदि बस्ती पार गर्नुपर्छ ।

दोस्रो रुटबाट जाँदा नेपालगन्ज हुँदै सुर्खेत पुग्नुपर्छ । त्यसपछि कच्चीबाटो हुँदै दैलेखको राकस भएर अछामको विनायकमा पुग्न करिब ६ घण्टा लाग्छ । विनायकबाट एक दिनको पदयात्रापछि रामरोसन पुग्न कालापानी, सान्तडा, सनानीगाउँ, तल्लोपाताल, माथिल्लो पाताल आदि छिचोल्नुपर्छ । तेस्रो रुट सडक यात्रा गर्न नचाहनेहरूका लागि उपयोगी छ । यसमा सुर्खेतसम्म हवाईजहाजबाट पुगेर दोस्रो रुटको पदयात्रा गर्नुपर्ने हुन्छ ।

# महिलाहरू बुद्धिमान् हुन्छन् कि पुरुष ?

हा... हा.. हा... सम्पादकज्यू, प्रश्न पढेर मलाई हाँस्न मन लाग्यो □ पुरुष भएका कारण मचाहिं भन्छु– पुरुष नै बुद्धिमान हुन्छन् ।

**शमशेर योञ्जन, सिरहा**

रक्सी, ट्याक्सी, म्याक्सी, सेक्सी देखेपछि हातमा मोबाइल र हेलमेट हेरेर लभ गर्ने महिलाहरूलाई कसरी बुद्धिमान भन्ने ?

**शम्भुराज सोल्टी, मोरङ**

महिलाहरू नै बुद्धिमान हुन्छन्, नत्र कसरी घर-व्यवहार चल्छ त ?

**युजल घिमिरे, मोरङ**

पुरुष बुद्धिमान हुन्छन् भनूँ भने प्रेयसी रिसाउने, महिलाहरू बुद्धिमान हुन्छन् भनूँ भने म आफैंलाई कसरी तल पारूँ हजुर ?

**सिजन श्रेष्ठ** (१६)

सम्पादकज्यू, मलाई त महिलाहरू बुद्धिमान हुन्छन् जस्तो लाग्छ । किनकि उनीहरू कुनै समस्या आइलाग्दा गम्भीर भएर सोच्छन् र समस्याको समाधान गरेरै छोड्छन् ।

**सुजिता पौडेल**

महिलाहरू नि सम्पादकज्यू, बुद्धिमान नभा'को भए आफू आधुनिक सुख-सुविधा भोग्दै घरमा बसेर श्रीमान्लाई देश-विदेशमा रगत र पसिना चुहाउन बाध्य बनाउँथे त ?

**मीनु हिताङ, स्याङ्जा**

महिलाहरूभन्दा पुरुष नै बुद्धिमान हुन्छन् । तर प्रश्नमा किन ? भनिएको छैन नि ।

**विराट तामाङ**

महिलाहरू बुद्धिमान हुन्छन् ।

**पदमराज**

प्रेम गर्न, केटा फसाउन र पैसा कमाउन केटी बुद्धिमान हुन्छन् भने साहसिक काम गरी आफ्नो पहिचान बनाउन, झगडा गर्न केटा बुद्धिमान हुन्छन् । त्यसैले दुवैको बुद्धि बराबर हुन्छ ।

**लक्ष्मण दाहाल** (२०), **सिन्धुली**

महिलाहरू नै बुद्धिमान् हुन्छन्, किनकि उनीहरू भविष्यका लागि सोच्ने हुन्छन् । कोही कुरा काट्ने तथा छुच्चो पाराका हुन्छन् । किन हो कुन्नि, मलाई त महिला नै बुद्धिमान लाग्छन् ।

bhai-bibekpearl@yahoo.com

वास्तवमा सबै महिला बुद्धिमान हुन्छन् भन्ने पनि छैन र सबै पुरुष बुद्धिमान हुन्छन् भन्ने पनि छैन । अवस्था हेरी कुनै महिला बुद्धिमान् हुन्छन् त कुनै पुरुष बुद्धिमान हुन्छन् ।

**नरेन्द्र चन्द, जीवनपुर, धादिङ**

सम्पादकज्यू, नयाँ नेपालमा यस्तो प्रश्न सोधेर पुरुष र महिलाबीचको खाडल ठूलो बनाउन लाग्नुभएको त होइन ? यस्तो प्रश्न नगर्नुहोला, नत्र नयाँ नेपाल रिसाउनेछ ।

**वासुदेव कुलुङ, सोलु**

## ● अब हाम्रो पालो ●

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. नेपालको राजनैतिक हिरो को हो ? किन ?
२. प्रेमविवाह राम्रो हुन्छ कि परम्परागत विवाह ? किन ?
३. सबैभन्दा ठूलो धर्म के हो ?
४. प्रेमी-प्रेमिकाविहीन जीवन कस्तो हुन्छ ?
५. नसालु आँखाले मोहित हुनुहुन्छ कि तपाईंलाई मुस्कानले भुतुक्कै बनाउँछ ?
६. काली युवती र गोरी युवतीमध्ये को बढी राम्रा हुन्छन् ? किन ?
७. पैसा पाउनु ठूलो कुरा हो कि प्रेम पाउनु ? किन ?
८. तपाईंले जिन्दगीमा कोबाट कस्तो धोका पाउनुभएको छ ?
९. हामी नेपाली किन र के कारणले पिछडिएका छौं ?
१०. मानिसहरूलाई अर्काका श्रीमान्/श्रीमती किन राम्रा लाग्छन् ?




## ● यौन जिज्ञासा र समाधान ●



डा. राजेन्द्र भद्रा

**प्रश्न : म २५ वर्षीया अविवाहित युवती हुँ । सानै उमेरदेखि केटा मानिस भनेपछि नजिक पर्न संगत गर्न डर लाग्थ्यो, तर दुई वर्षअघिबाट कसैसँग घनिष्ठ बने र हाम्रो मित्रता मायामा परिणत भयो । हामी यही वैशाखतिर विवाह गर्ने सोचमा छौं । एक वर्षअघिबाट हामीले समय-समयमा यौनसम्पर्क राख्दै आएका छौं । उनको लिङ्ग अति छिटो-छिटो उत्तेजित भैरहन्छ । लामो समयसम्म सम्पर्क राख्दा पनि सुन्तुष्टि नभएर हातले चलाउनुपर्ने समस्या छ । फेरि उनी १३-१४ वर्षको उमेरदेखि नै हस्तमैथुन गर्थे । अब यौनसम्पर्क गरेरै सन्तुष्टि प्राप्त गर्न र हस्तमैथुनको लत छुटाउन के गर्नुपर्ला ?**

**ममा पनि यौनसम्पर्कको चाहना तीव्र छ र अत्यधिक यौनसम्पर्क गर्न मन लाग्छ, तर हस्तमैथुन गर्दिनँ । यौनसम्पर्कको बेलामा पर्याप्त पानी नआउने अनि योनि दुख्ने समस्या छ । के भएको होला ? कुनै-कुनै बेला यौनसम्पर्क भएको दुई-तीन दिनपछि योनिबाट अत्यधिक मात्रामा पानी बग्छ र त्यो गन्हाएजस्तो पनि लाग्छ । एकपटक डाक्टरलाई देखाएर औषधी पनि खाएकी थिएँ, तर पनि समस्या समाधान भएन । मेरो साथीको लि□ ठूलो र लामो पनि छ, तर म कुनै-कुनै बेलाको सम्पर्कमा मात्र सन्तुष्ट हुन्छु । अन्य बेला पीडा भएको महसुस हुन्छ । ठूलो लामो लि□ भएको मानिससँग यौनसम्पर्क राख्दा बढी सन्तुष्टि मिल्छ भन्छन्, के यो साँचो हो ?**

**– एम.एस.**

**उत्तर** : पहिले नजिक पर्न भय भए पनि अहिले केटासाथीसँग घनिष्ठता र मित्रताको विकास भएको र सम्बन्ध नजिकिएका कारण विवाह गरेर जीवन साथसाथै बिताउने कुरासम्म पुग्नुभएको कुराले खुसी तुल्याएको छ– शुभकामना ।

**लामो समयसम्म यौनसम्पर्क राखे पनि किन हातले चलाउनुपरेको होला ?**

तपाईंको मित्रको लिङ्ग छिटो-छिटो उत्तेजित हुनु अनि तपाईंलाई पनि यौनको तीव्र चाहना हुनु त एक किसिमले राम्रै कुरा हो । यसलाई राम्रोसँग लान सके पक्कै जीवनमा पर्याप्त यौन आनन्द लिन सकिन्छ ।

केटीहरूले केटाको तुलनामा केही कम हस्तमैथुन गर्ने भए पनि धेरैजसोले हस्तमैथुन गरेका हुन्छन्, जसमध्ये केही व्यक्ति यो कुरामा निकै अभ्यस्त हुन्छन् । हस्तमैथुन गर्ने कार्यमा अभ्यस्त भएपछि कतिपय व्यक्तिले कसरी आफू सजिलै यौन चरमसुखको स्थितिमा पुग्ने भन्ने कुरा सिक्छन् र यसको बारम्बार प्रयोग गर्न थाल्छन् । हुनसक्छ, यौनसम्पर्कभन्दा आफू अभ्यस्त भैसकेको कुराबाट सजिलै चरमसुख प्राप्त हुने भएकाले हातले चलाउनुपरेको हुनुपर्छ । धेरैजसो स्थितिमा विवाह वा यौनसम्पर्कको मौका नियमित रूपमा प्राप्त भएपछि हस्तमैथुनमा केही कमी भए पनि व्यक्तिले हस्तमैथुन गर्न विल्कुलै बन्द गर्छ भन्नेचाहिँ होइन । यसमा बिस्तारै नौलो अभ्यास गर्दै आनन्दको खोजी गर्न सकिन्छ । हातले वा अन्य कुराले लिङ्ग चलाउने कुरालाई तपाईंहरूको बृहत्तर यौनसम्पर्कको दायराभित्र पार्नुभयो भने अझ बेस हुन्छ, न कि कुनै एक क्रियाकलापलाई रोक्नु ।

**कुनै-कुनै बेलाको सम्पर्कमा मात्र सन्तुष्टि किन ?**

यसरी तपाईंको साथीले लामो समयसम्म यौनसम्पर्क गर्दा पनि स्खलन नहुनुको पनि फाइदा छ । यस्तो स्थितीमा लिङ्ग-योनि सम्पर्कका बेला तपाईंले आ□नो चरमसुख प्राप्तिका लागि ध्यान केन्द्रित गर्न सक्नुहुन्छ । धेरैजसो परिस्थितिमा महिलालाई चरमसुखको स्थितिसम्म पुग्न केही बढी समय लाग्छ । त्यसैले यो समस्याभन्दा पनि वास्तवमा वरदान सावित हुनसक्छ । यौनसम्पर्कमा हुने पीडा कम गर्नुका साथै पर्याप्त पाक्क्रीडाका साथ भगाङ्कुरको उत्तेजनामा ध्यान दिन सके सायद तपाईंले धेरैजसो स्थितिमा सन्तुष्टि प्राप्त गर्न सक्नुहुन्थ्यो होला ।

**लामो लि□ र योनिमा पीडा**

सामान्यतः लिङ्ग केही लामो हुँदैमा योनिमा चोट लाग्ने होइन, यदि जोरजबर्जस्ती भएको भए कुरा अर्कै भयो । एक वर्षदेखि यौनसम्पर्क राख्दै आउनुभएकाले जबर्जस्तीको गुन्जाइस पनि भएन ।



यौन-सम्पर्क आनन्ददायक क्रियाकलाप हो । यौनसम्पर्कले नै सायद मानिसले प्राप्त गर्न सक्नेमध्येको चरम आनन्द प्राप्त गर्छ, तर सबै यौन सम्पर्क सुखमय नहुन सक्छन् । यो किन पीडायुक्त हुन्छ त ? यौनसम्पर्क राख्दा महिलाहरूमा पीडा हुने कारणहरूमा योनिको संक्रमण प्रमुख हुनसक्छ । योनि सुक्खा भएको स्थितिमा यौनसम्पर्क गर्दा पीडादायक हुन्छ । चिकित्सकवाट उपचार गराइसक्नुभएकाले पनि म यसको सम्भावना कम देख्छु, यदि पुनःसंक्रमणको सम्भावना छैन भने । यौनसम्पर्कबाट सर्ने संक्रमण भएको स्थितिमा यौनजोडी दुवैले पूर्ण उपचार गराउनुपर्छ । योनिरसको एक विशेष गन्ध हुन्छ नै, तर गन्हाउने कुरा धेरैजसो स्थितिमा योनिको संक्रमणसँग सम्बन्धित छ ।

विशेष गरेर भयातुर वा डर भएको कारणले गर्दा यौन सम्पर्क गर्न लाग्दा अकस्मात् योनिको मांसपेशीको संकुचन र त्यो कडा पनि हुन्छ । यस्तो बेलामा यौनसम्पर्क राख्न खोज्नु पीडायुक्त हुन्छ । अंग्रेजीमा यस किसिमको अवस्थालाई Vaginismus भनिन्छ । विवाहपूर्वको यौनसम्पर्कमा एक किसिमको तनाव वा भय त हुनसक्छ नै । अर्को कुरा, योनिमा पर्याप्तमात्रामा रस नआउनु हो । यस्तो स्थितिमा योनि पोल्ने पनि गर्छ । केटाको लिङ्ग उत्थित हुन जस्तै पर्याप्त मात्रामा योनिरस आउनु केही उत्तेजनामा आएको संकेत हो ।

समाधानका लागि तनावरहित सहज वातावरणमा यौनसम्पर्कलाई अघि बढाउनुहोस् । यौनसम्पर्कका बेलामा योनि सुख्खा भएर दुख्ने समस्या कम गर्न थप चिल्लो पदार्थ प्रयोग गर्न सक्नुहुन्छ । पानीमा आधारित चिप्लो पदार्थ, जस्तै KY Jelly प्रयोग गर्नुपर्छ, जसले गर्दा कन्डमलाई कुनै क्षति नपुगोस् । यस्तो स्थितिमा कतिपयले थूकलाई राम्रो विकल्पका रूपमा प्रयोग गर्ने गरेका हुन्छन् ।


के तपाईंमा यौन सम्बन्धी समस्या छ ?

पुरुषहरूमा देखिने

शीघ्र पतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष, सरुवा यौनरोगका साथै उमेर अनुसार यौनाङ्ग विकास नहुनु ।

महिलाहरूमा देखिने

सेतो पानी बग्ने, योनी चिलाउने, यौन सन्तुष्टिमा कमी भएको महसुस हुने, स्तन सानो वा ठूलो हुने, तल्लो पेट दुख्ने तथा महिनावारी सम्बन्धी समस्याहरु ।

सुन्दरता अनुहारका सबै किसिमका दाग, डण्डीफोर, कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुबी, सेतो दुबी, साथै अन्य चर्मरोगहरु ।

महिला वा पुरुषहरुमा हुने बाँझोपन (नि :सन्तान) को गोपनियताका साथ उपचार

सम्पर्क स्थान: माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिष्ट डाक्टर्स क्लिनिक

पुतलीसडक, काठमाडौं (साडी प्यालेस माथि) फोन: ४२४०३८१, ४२२५५३५

शाखा कार्यालय

पोखरा - ०६१-५३११९४ बुटवल - ०७१-५४८८९३
भरतपुर - ०५६-५२०९६८ इटहरी - ०२५-५८४०८८
दाङ - ९८४७८७७११४, ९८०६२०९८००
हेटौंडा - ०५७-५२६०४६ सप्तरी, फत्तेपुर - ०३१-५५०११२

कोरीयनसँग विहेवारी

कोरीयन पुरुष सँग वास्तविक विवाह गर्न चाहनुहुन्छ भने हामीलाई सम्पर्क गर्नुहोस् ।

पिसफुल इन्टरनेशनल म्यारिज ब्यूरो प्रा. लि.

फोन : ०१२२९११९४, ९८०८०३३४६

सौन्दर्यका सामान

Height बढाउने (Yoko Japanese) - 1250/-
मोटोपन घटाउने (Sauna Belt) - 1999/-
अनुहार गोरो बनाउने (Roop Amrit) - 1299/-
स्तन बढाउने वा घटाउने Cream - 1299/-
डण्डीफोर हटाउने (Face Pack) - 1500/-
धुम्रपान जाँड रक्सी छुटाउने - 1500/-
Body Slim Cream मा Sauna Belt - 3000/-
कपाल नझर्ने वा उमार्ने तेल - 750/-

Free Home Delivery / 100% Guaranteed

Worldwide Shopping Centre
Newbaneshwor
(शंखमुल मार्ग, तयारी पोशाक गल्लीको अगाडी)
Ph. 2290871, Mob. 9841506134

सुखी विवाहित जीवनको लागि

सेवाको १५ वर्ष

विवाहको पहिलो वा विवाहपछि भएका यौन रोग, शीघ्रपतन, स्वप्न दोष, पिसावसित धातु खस्ने, नपुंसकता, सन्तान नहुने र कमजोरी आदिको सफल उपचारको लागि आज नै भेट्नुहोस् ।

भेट्ने ठेगाना: फोन नं. : ४-४६०७८५

पापुलर आयुर्वेद औषधालय

ज्ञानेश्वर, रातोपुल पारीपट्टी, काठमाडौं

रोमान्स शब्दको अर्थ विगतदेखि वर्तमानसम्म आइपुग्दा धेरै हदसम्म परिवर्तित भएको छ। यद्यपि यो शब्दको रोमाञ्चकता आज पनि कायमै छ। रोमान्स एक बहुअर्थी शब्द हो जसको शाब्दिक अर्थ हुन सक्छ– कल्पना। एक फेन्टेसी, प्रेम जस्तै कुनै कुरा, मीठो अनुभूति जसले तन-मनको स्पन्दन जगाएर मनमा जोश, उत्साह जगाएर जीउने नयाँ लहर उत्पन्न गर्छ। यसको अनुभूतिलाई शब्दमा अभिव्यक्त गर्न त्यति सहज छैन। यसलाई मनको गहिराइबाट मात्र महसुस गर्न सकिन्छ। मनोवैज्ञानिकहरूका अनुसार स्वस्थ रोमान्सले आपसी सम्बन्धमा उब्जिएको उदासीनता एवं निराशा हटाएर शरीरमा नयाँ ऊर्जा तथा शक्ति सञ्चार गरी बाँच्ने इच्छालाई प्रबल बनाउने कार्य गर्छ।



[redacted]

**रोमान्सको प्रारम्भ**

रोमान्सको उत्पत्ति कहिले, कसरी र कहाँबाट भयो भन्ने कुरा यकिनका साथ भन्न गाह्रो छ। पहिले यसको सम्बन्ध आम मानिसको जीवनसित भएको पाइँदैन। राजा-महाराजाको जीवन, तिनका प्रेमगाथामा यसको हल्का-फुल्का उल्लेख पाइन्छ। त्यसपछि लिखित साहित्यको प्रादुर्भाव भयो। त्यसपछि पद्य एवं गद्यमा रोमान्सको धेरै वर्णन हुन थाल्यो। समयले फड्को मार्दै जाँदा चलचित्रमा रोमान्सका हरेक पक्षलाई सुन्दर ढंगबाट प्रस्तुत गर्न थालियो। यद्यपि आममानिसको जीवनमा यसको स्थान बन्न सकेन। सायद यसको प्रमुख कारण हो हाम्रो संस्कृति। रोमान्सको कुरा त टाढाकै थियो, पहिले रोमाञ्चक कथा वा उपन्यास पढ्नु तथा चलचित्र हेर्नुलाई राम्रो मानिँदैनथ्यो। वास्तवमा चलचित्रको माध्यमबाट रोमान्स राम्रोसँग समाजमा पुगेको देखिन्छ।

विगतका चलचित्रमा रोमान्सलाई प्रस्तुत गर्न बगैंचा, फूल, रूख वरपर नायक-नायिकामाथि गीत छायांकन गरिन्थ्यो। अर्थात् हल्काफुल्का एवं स्वस्थ रोमान्स नै प्रदर्शित हुन्थ्यो। यद्यपि त्यो रोमान्स चलचित्रमै सीमित हुन्थ्यो र आम मानिसका लागि रोमान्स कल्पनाकै कुरा थियो। यहाँसम्म कि चलचित्र कलाकारलाई पनि समाजले राम्रो दृष्टिकोण हेर्दैनथ्यो। त्यसैले आममानिस जहिले पनि संकोचको घेरामै रह्यो। रोमान्सको रोमाञ्चपूर्ण अभिभूत त हुन्थ्यो, तर उसले त्यसलाई खुलेर स्वीकार एवं महसुस गर्न सकेन। बिस्तारै पश्चिमेली संस्कृतिसित नजिक हुने स्थिति अनुकूल हुँदै जान थालेपछि बाहिरी मुलुकका साहित्य तथा चलचित्रको आगमनसँगै सामाजिक प्रतिबन्धको पकड बिस्तारै खुकुलो हुन थाल्यो र समाजमा उदारताको प्रभाव देखिँदै गयो।

सहशिक्षाले युवा-युवतीबीच मेलमिलाप सिर्जना गऱ्यो। सँगै शिक्षा हासिल गर्ने वातावरणले तिनमा आपसी संवादले बढावा पायो र संकोचको स्थानमा स्वस्थ सम्बन्ध सिर्जना हुने अवसर प्राप्त भयो। अहिले सञ्चार क्षेत्रको विकाससँगै टेलिभिजन, इन्टरनेटको युग प्रारम्भ भएको छ। यसको घेराबाट हरेक वर्ग, उमेरका व्यक्ति अछुतो छैनन्। रोमान्सको अर्थ अब सबैले बुझ्न अनि महसुस गर्न थालेका छन्। रोमान्स अहिले व्यक्तिको दिनचर्यामा यति समावेश भैसकेको छ कि दैनिक, साप्ताहिक, मासिक राशिफलमा समेत रोमान्ससम्बन्धी कुराले स्थान पाउन थालिसकेको छ। आज रोमान्स शब्द जीवनको एक महत्त्वपूर्ण पक्षकै रूपमा स्थापित हुने क्रममा छ।



प्राचीन संस्कृतिमा रोमान्स शब्दका लागि स्थान थिएन। अंग्रेजी शब्द रोमान्सलाई उच्छृंखलताका रूपमा विश्लेषण गरिन्थ्यो। किनभने त्यतिबेला समाजमा जब सबैका सामु विवाहित दम्पतीले एक-अर्कासित आँखा जुधाएर कुरा गर्ने अवस्थासमेत थिएन, अन्य सम्बन्धमा रोमान्सको प्रश्न उठ्ने सम्भावनै थिएन। दम्पतीबीचको रोमान्स पनि बन्द कोठामा, अँध्यारोमा हुन्थ्यो। परिवारका अग्रजका अगाडि पति-पत्नी अपरिचितजस्तै व्यवहार गर्न बाध्य हुन्थे। चाहेर पनि एक-अर्कासँग बोल्न सक्दैनथे, बोल्दैनथे। रोमान्सको आभास त सबैको मनमा हुन्थ्यो तर लिखित साहित्य, चलचित्र जसले मानव मनमा लुकेका-दबेका रोमान्सका भावलाई उक्साउने एवं जागृत गर्ने काम गर्थे, यद्यपि तिनलाई पढ्न वा हेर्न वर्जित थियो। सायद त्यसैले गर्दा आज पनि अघिल्लो पुस्ता रोमान्सको अवधारणालाई स्वीकार गर्न संकोच मान्छ।

रोमान्स एक चुम्बकीय आकर्षण हो, त्यसैले यसले अत्यन्त छिलो चाँडो सबैलाई आफूतिर सम्मोहित गर्न सक्छ। एक्लोपनको उदासीमा रोमान्सले नै रंग भर्छ। एकातिर सम्बन्धमा बढ्दै गएको बराबरी र मित्रतापूर्ण व्यवहारले गर्दा आएको खुलापनले रोमान्सको सम्भावना बढेको छ भने अर्कातिर बढ्दै गएको व्यस्तता र यसबाट उब्जिएको निराशा, उदासीपन, तनाव एवं अवसादका कारण मनोचिकित्सकहरूले पनि रोमान्सको महत्त्वलाई पहिचान गरेका छन् र यसलाई मानवीय जीवनको अनिवार्य पक्ष बताएका छन्।

**रोमान्सको अर्थ**

मनोविश्लेषकहरूका अनुसार रोमान्स एक अनुभूति हो जसको गहिराइलाई मात्र महसुस गर्न सकिन्छ। कसैसँग आँखा जुधेपछि दिलको धड्कन बढ्छ र तनमनमा स्पन्दन जस्तो महसुस हुन्छ, यसलाई रोमान्स भनिन्छ। रोमान्स शब्दमा सीमित छैन, यसले आँखा र इसाराको भाषालाई राम्रोसँग बुझ्छ। पहिलेको समाजमा रोमान्सको सम्भावना यस कारण पनि थिएन, किनभने महिलाहरू पर्दापछाडि रहन्थे। उनीहरूलाई परपुरुषसित नजर जुधाएर बातचित गर्न अनुमति थिएन तर आज समाजमा स्त्री-पुरुष हरेक क्षेत्रमा सँगै काम गर्ने हुनाले, सामाजिक उदारता र सोचाइको परिवर्तनले आपसी जिम्मेवारी, समझदारीसँगै रोमान्सको सम्भावना पनि बढेको छ।

रोमान्सबिना प्रेमको अस्तित्व सम्भव छैन। प्रेमको बाटो रोमान्स भएर नै जान्छ। प्रेम यदि अन्तिम विन्दु हो भने रोमान्स त्यही विन्दुसम्म पुग्ने बाटो। जसले प्रेमलाई परिपक्वता प्रदान गर्छ रोमान्स प्रेममा तब मात्र परिवर्तन हुन्छ जब एक-अर्काप्रति रोमान्सको भाव दुवैको मनमा जागृत हुन्छ, यसो भएन भने रोमान्स कामनाका रूपमा सीमित हुन पुग्छ। रोमान्स दुई व्यक्ति जो एक-अर्कालाई चाहन्छन् उनीहरूबीच सामीप्यता बढाउने, उनीहरूलाई नजिक ल्याउने एवं उनीहरूमा प्रेम जगाउने माध्यम हो।

**चिकित्सापद्धतिमा रोमान्स**

मनोचिकित्सकहरूका अनुसार अवसादबाट पीडित रोगीका लागि रोमान्स एक ट्रिटमेन्ट हो जसले औषधीभन्दा बढी र प्रभावकारी असर देखाउँछ। आजको व्यस्त जीवनशैलीका कारण व्यक्ति बिनाकारण पनि तनावग्रस्त हुन्छ। यस स्थितिमा आवश्यक हुन्छ एउटा छोटो ब्रेकको अर्थात् हल्का-फुल्का रोमान्सको। आफ्नी प्रेमिका वा पत्नीका साथ समय बिताउनाले तन-मन रोमाञ्चित हुन्छ। जो आफ्नो दिनचर्याबाट केही फुर्सदको क्षण आफ्ना लागि निकाल्न सक्दैनन्, उनीहरू चाँडै नै कुनै न कुनै प्रकारको मानसिक रोगबाट ग्रसित हुन्छन्। आफ्नो नजिकको मित्र, परिवारजनसित बिनाकारण चिच्याउनु, स-साना कुरामा रिसाउनु, तनावग्रस्त रहनु मानसिक रोगको प्रारम्भिक लक्षण हो।

रोमान्सको अर्थ प्रेम एवं दैहिक संसर्ग मात्र होइन, रोमान्सको अर्थ हो, आफ्नो लक्ष्य प्राप्त गर्नका लागि निष्ठा एवं प्रेम। कुनै पनि व्यक्तिले आफ्नो लक्ष्य तबसम्म प्राप्त गर्न सक्दैन जबसम्म उसको मन तथा अन्तर्मनमा उक्त लक्ष्यसँग प्रेम एवं त्यसलाई प्राप्त गर्ने इच्छा एवं लगन हुँदैन।

**बदलिँदो परिभाषा**

विगतका रोमान्स सायद बढी रोमान्टिक थिए, लुकेर एक-अर्कालाई हेर्नु, लामो यात्राका लागि निस्कनु, चिया-कफीको चुस्की लिएर एक-अर्काको हात समात्नु आदि। स्पर्शको यो रोमाञ्चतालाई युगल प्रेमी कैयन् दिनसम्म महसुस गर्थे। मानिसहरूसँग समय थियो र उनीहरू एक-अर्कालाई समय दिन सक्थे। रोमान्सका नाममा मनमा जोश र उत्साह हुन्थ्यो। रोमान्सको कुरा उठ्ने बेला ओठमा लाजले भरिपूर्ण मुस्कान त देखा पर्थ्यो नै, साथै मनको भावलाई मुहारले अभिव्यक्त गरिरहेको हुन्थ्यो। त्यतिबेला तनमनमा उठेका रोमाञ्चपूर्ण भावलाई खुलेर अभिव्यक्ति गर्ने अनुमति थिएन, अतः ती भावलाई मात्र महसुस गरिन्थ्यो।

अर्कातर्फ आधुनिक रोमान्सको गति यति तीव्र छ कि युगल प्रेमीसित त्यसलाई महसुस गर्नका लागि, ती क्षणलाई जीउनका लागि समय

आजको पुस्ताले रोमान्सको अनुभव त गर्छ, तर तिनले के कुरामा पनि ध्यान पुऱ्याउनुपर्छ भने कुनै पनि सम्बन्धमा तबसम्म मात्र रोमाञ्चता कायम रहन सक्छ, स्वस्थ सम्बन्धको आधार तब मात्र तयार हुन सक्छ जबसम्म त्यसले शारीरिक सम्बन्धको चक्रव्यूहमा नफँसी आफ्नो क्रियाशीलता र निष्ठा कायम राख्छ। जुन सम्बन्धमा उदारता र खुलापन बढ्दै गएको छ, शरीर तत्व त्यसमा हावी हुँदै गएको महसुस हुन्छ।

अभाव भएको देखिन्छ। आजको हाइटेक रोमान्स इमेल, च्याटिङ र एसएमएसद्वारा तुरुन्तै सञ्चारित हुन्छ। टेलिकम्युनिकेसनले संसारलाई सानो बनाइदिएको छ, अतः आज रोमान्सलाई समय र टाढापनको सीमितताभित्र बाँध्नुपर्ने अवस्था छैन। यद्यपि वास्तविकता के पनि हो भने आजको युगको रोमान्सले युगल प्रेमीबाट प्रतीक्षा गर्नुपर्ने त्यो व्यग्रताले भरिपूर्ण क्षण, जुन रोमान्सको महत्त्वपूर्ण पक्ष बन्छ, त्यसलाई हटाएको छ। आजभोलि रोमान्सको स्थान डिस्को, पार्टी, डेटिङ आदिले लिएको छ। जसमा होहल्लाका कारण इच्छा-कामना पहिले नै रित्तिएको अनुभव हुन्छ।

आजको पुस्ताले रोमान्सको अनुभव त गर्छ, तर तिनले के कुरामा पनि ध्यान पुऱ्याउनुपर्छ भने कुनै पनि सम्बन्धमा तबसम्म मात्र रोमाञ्चता कायम रहन सक्छ, स्वस्थ सम्बन्धको आधार तब मात्र तयार हुन सक्छ जबसम्म त्यसले शारीरिक सम्बन्धको चक्रव्यूहमा नफँसी आफ्नो क्रियाशीलता र निष्ठा कायम राख्छ। जुन सम्बन्धमा उदारता र खुलापन बढ्दै गएको छ, शरीर तत्त्व त्यसमा हावी हुँदै गएको महसुस हुन्छ। जसका कारण सम्बन्ध चाँडै टुट्ने, समाप्त हुने सम्भावना बढ्दो छ।

यौनतत्त्व रोमान्सबाट जति टाढा रहन्छ आपसी सम्बन्धको गरिमा एवं आकर्षण त्यति नै कायम हुन्छ। यदि युगल जोडीमध्ये एक जनाले मात्र पनि आत्मसंयम गुमाउँछन् भने अर्कोले संस्कार, सामाजिक मर्यादा एवं आपसी सम्बन्धको गरिमाको महत्त्वलाई दर्शाएर संकटबाट बच्ने प्रयत्न गर्नु आवश्यक छ। गल्ती कुनै एकको मात्र भए पनि जिम्मेवारी दुवैको हुन्छ। अतः परिणाम पनि दुवैले भोग्नुपर्ने हुन्छ। यदि एउटा पक्ष दुश्चरित्र एवं चलाख भएको खण्डमा सहज रूपमा अर्कामाथि दोषारोपण गरेर बच्न सक्छ। सीमामा रहेर रोमान्सको रोमाञ्चता अनुभव गर्नु उचित हुन्छ, साथै आफूभन्दा अग्रज, परिवारजनको स्वीकृति, उनीहरूप्रति आदरभाव हुनु आवश्यक छ।

रोमान्स स्थायी हुँदैन, यो सञ्चारी छ। कुनै विषयवस्तु वा व्यक्तिविशेषका बारेमा सोँच्नाले तन-मन सञ्चारित हुन्छ, त्यो केही क्षणमै हराउन पनि सक्छ। प्रेम र रोमान्स एक-अर्काका परिपूरक हुन्। यिनको अनुपस्थितिमा जीवन त्यो मरुभूमि सरह हुन्छ, जहाँ कहिल्यै केही फल्ने-फुल्ने सम्भावना हुँदैन।

– रोजिन शाक्य



# नेपाली खेलकुदको महाकुम्भ



## क्षेत्रगत र खुला खेल

पाचौं राष्ट्रिय खेलकुदमा जम्मा ३२ खेल समावेश गरिएको छ। त्यसमध्ये २१ खेलका पदक टिम च्याम्पियनको घोषणामा गणना हुनेछन्। बाँकी ११ खेलका पदक व्यक्तिगत स्पर्धाका रूपमा रहनेछन् र त्यसका पदक टिमको सफलतासँग जोडिनेछैन। बक्सिङ र भारोत्तोलनका पुरुषतर्फका पदक क्षेत्रगत रूपमा गन्ती हुनेछन् भने महिलातर्फका पदक व्यक्तिगत स्पर्धामा जानेछन्।

**क्षेत्रगत रूपमा पदक गणना हुने खेल**

फुटबल, एथलेटिक्स, बक्सिङ (पुरुष), तेक्वान्दो, कराँते, भारोत्तोलन (पुरुष), भलिबल, टेबलटेनिस, कबड्डी, कुस्ती, ब्याडमिन्टन, उसु, जुडो, बास्केटबल, बुद्धिचाल, ह्यान्डबल, खो-खो, शारीरिक सुगठन, आइटीएफ, फुल कन्ट्याक्ट र हकी।

**खुला स्पर्धाका खेल**

बक्सिङ (महिला), भारोत्तोलन (महिला), लन टेनिस, सफ्ट टेनिस, स्क्वास, क्रिकेट, साइक्लिङ, जिम्न्यास्टिक, सुटिङ, पौडी, गल्फ, बिलियर्ड-स्नुकर र आर्चरी।

**३ हजार २ सय ३६ खेलाडी**

पाचौं राष्ट्रिय खेलकुदका ३२ खेलमा ५ क्षेत्रीय र ३ विभागीय गरी ८ टिमका ३ हजार २ सय ३६ खेलाडी सहभागी हुँदैछन्। टिम च्याम्पियनमा गनिने २१ खेलमा २ हजार २ सय ३६ खेलाडी प्रतिस्पर्धा गर्दैछन्। क्षेत्रीय सफलतामा नजोडिने खुला स्पर्धाका ११ खेलमा १ हजार खेलाडी प्रतिस्पर्धामा छन्। यो संख्या विभागीय टिमको सहभागिताको आधारमा घटबढ हुनसक्नेछ।

## ठूलो बजेट

धेरै खेल समावेश भएकाले पाँचौ संकरणको प्रतियोगिताको बजेट पनि बढेको छ। राष्ट्रिय खेलकुद परिषद्ले यसका लागि २५ करोड रुपैयाँ खर्च हुने अनुमान गरेको छ। परिषद्ले खेल सञ्चालनतर्फ २० तथा भौतिक पूर्वाधार पुनः निर्माणतर्फ ५ करोड रुपैयाँ माग गरेको हो। खेलाडीले दिनको ७ सय रुपैयाँ भत्ता पाउनेछन्। अघिल्लो संकरणमा यो भत्ता ५ सय रुपैयाँ थियो।



पृष्ठ १ बाट जारी

पटक सम्पूर्ण देशमा खेल गतिविधि सुरु हुनु हो। यसकै प्रसंगमा दुई महिनाभन्दा बढी मुलुक खेलमय बन्यो। एक दशकदेखि खेल गतिविधि शून्य रहेको अवस्थामा प्रतियोगिताको



लहर छायो। जिल्लास्तरदेखि छनौट प्रतियोगिता आयोजित भए जसमा धेरै खेलाडीले आफ्नो प्रतिभा देखाउने अवसर पाए।

जिल्लाका प्रतिभावान् खेलाडी क्षेत्रीय छनौटका लागि छानिए। क्षेत्रीयमा पनि त्यत्तिकै प्रतिस्पर्धा भयो। क्षेत्रीय प्रतिस्पर्धाका अब्बल खेलाडीले आ-आफ्नो टिममा प्रतिनिधित्व गर्दैछन्। यो प्रतियोगिताले जिल्लामा लुकेर रहेका प्रतिभालाई अगाडि ल्याउने काम गर्नेछ।

क्षेत्रगत रूपमा नेपाली खेलकुदको अवस्था कस्तो छ भन्ने कुरा यो प्रतियोगिताको नतिजाले देखाउनेछ। यसले खेलकुदमा लगानिको आवश्यकता पनि बढाउनेछ। पहिलो राष्ट्रिय खेलकुद प्रतियोगितामा १६ खेल समावेश गरिएको थियो। दोस्रोमा १९ खेल राखियो भने तेस्रोमा २१ खेलका खेलाडीले प्रतिस्पर्धा गरे। चौथोमा १२ खेलका खेलाडीले प्रतिस्पर्धा गरे।

राष्ट्रिय खेलकुद राजधानीमा दोस्रो पटक हुँदैछ। दोस्रो राष्ट्रिय खेलकुद वीरगन्जले २०४० मा तथा तेस्रो पोखराले २०४२ मा आयोजना गरेका थिए। राष्ट्रिय खेलकुदले भौतिक पूर्वाधार निर्माण तथा मर्मत-सम्भारमा पनि सघाउ पुऱ्याउँदै आएको छ।

पाँचौं राष्ट्रिय खेलकुद अन्तर्गत काठमाडौं, ललितपुर र भक्तपुरका विभिन्न स्थानमा प्रतिस्पर्धा हुनेछ। अधिकांश खेल काठमाडौंमै हुनेछन्।
प्रतियोगिताको अघिल्लो संकरणमा मध्यमाञ्चलको वर्चश्व थियो। त्यसमा मध्यमाञ्चलले ३१ स्वर्ण, ३२ रजत र १ सय १२ काश्य पदक जितेको थियो। नेपाली सेनाको टिम दोस्रो स्थानमा थियो भने नेपाल प्रहरीको टिमले तेस्रो स्थानमा चित्त बुझाएको थियो। यस पटक पनि मध्यमाञ्चल र तीन विभागीय टिमबीच कडा प्रतिस्पर्धा हुनेछ।

अघिल्लो पटक स्थगित पाँचौ राष्ट्रिय प्रतियोगितामा १४ खेल समावेश गरिएको थियो, जसमा एथलेटिक्स, ब्याडमिन्टन, भलिबल, टेबल टेनिस, फुटबल, बक्सिङ, पौडी, कुस्ती, सुटिङ, कराँते, कबड्डी, तेक्वान्दो, भारोत्तोलन र स्क्वास थिए। त्यसमा १ हजार ४ सय २५ खेलाडीले प्रतिस्पर्धा गर्दै थिए। अघिल्लोसँग तुलना गर्ने हो भने यस पटक खेल र खेलाडी संख्या दोब्बरभन्दा बढी छन्।

## अव्यवस्थित खेलस्थल

यो राष्ट्रिय खेलकुदले भौतिक पूर्वाधारको अभाव प्रत्यक्ष रूपमा बेहोर्दैछ। इन्डोरमा गराइने खेल खुला आकाशमुनि हुँदैछन्। तेक्वान्दो, करांते, कबड्डी, उसु, खो-खो, आइटिएफ, फुल कन्ट्याक्ट, कुस्ती र आर्चरी टुडिखेलमा खेलाइँदैछ। सरकारीस्तरबाट भौतिक संरचना निर्माण नभएपछि यो स्थिति आएको हो।

## नयाँ अनुहार

चौथो राष्ट्रिय खेलकुदको अनुभव बटुलेका कमै खेलाडी यस पटक खेल्नेछन्। १० वर्षको अन्तरालमा धेरै अनुभवी खेलाडीले सन्यास लिइसके। लामो समयपछि अन्तर्राष्ट्रिय प्रतियोगिताका लागि नयाँ प्रतिभा देखा पर्नेछन्।

## पाँचौं राष्ट्रिय खेलकुद २०६५ खेल तालिका

| कुन खेल | कहाँ | मिति २०६५ चैत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० |
| उद्घाटन | दशरथ रंगशाला | * | | | | | | |
| फुटबल (पुरुष) | दशरथ रंगशाला | * | * | * | * | * | * | * |
| फुटबल (महिला) | सशस्त्र प्रहरी हलचोक | * | * | * | * | * | * | |
| एथलेटिक्स | दशरथ रंगशाला | | * | * | * | * | * | |
| बक्सिङ (पुरुष) | दशरथ रंगशाला | | * | * | * | * | * | |
| तेक्वान्दो | टुडिखेल | | * | * | * | * | * | |
| कराँते | टुडिखेल | | * | * | * | | | |
| भलिबल (पु./म) | दशरथ रंगशाला | * | * | * | * | * | | |
| टेबल टेनिस | लैनचौर कभर्डहल | | * | * | * | * | * | |
| कवड्डी (पु./म.) | टुडिखल | | * | * | * | * | * | |
| ब्याडमिन्टन | सशस्त्र प्रहरी, हलचोक | | * | * | * | * | * | |
| उसु | टुडिखेल | | * | * | * | * | | |
| ह्याण्डबल (पुरुष) | कपन | | * | * | * | * | * | |
| खो खो (पुरुष) | टुडिखेल | | * | * | * | * | * | |
| आइ.टि.एफ | टुडिखेल | | * | * | | | | |
| फुलकन्टयाक्ट | टुडिखेल | | * | * | * | | | |
| बास्केटबल | जि.ए.ए.हल ठमेल | | * | * | * | * | * | * |
| भारोत्तोलन | जिम हल, रंगशाला | | * | * | * | * | | |
| कुस्ती | टुडिखेल | | * | * | * | | | |
| जुडो | नयाँबजार खुसिबु | | * | * | * | | | |
| शारीरिक सुगठन | राष्ट्रियसभा गृह | | * | | | | | |
| हक्की | सेन्टजेभियर्स, जावलाखेल | | * | * | * | * | * | |
| बुद्धिचाल | प्रहरी प्रशिक्षण केन्द्र जावलाखेल | * | * | * | * | * | * | * |
| गल्फ | गोकर्ण फरेष्ट | | * | * | * | | | |
| विलियर्ड तथा स्नुकर | स्नुकर रुम, रंगशाला | | * | * | * | * | * | |
| साइक्लिङ | चोभार, कीर्तिपुर | | | | | | * | |
| आर्चरी | टुडिखेल | | * | * | * | | | |
| पौडी | अन्तर्राष्ट्रिय पौडी परिसर | | * | * | * | | | |
| स्क्वास | सातदोवाटो | * | * | * | * | | | |
| सफ्ट टेनिस | सशस्त्र प्रहरी हलचोक | | * | * | * | * | * | |
| लन टेनिस | सातदोबाटो | * | * | * | * | * | * | * |
| जिम्न्यास्टिक | नेपाल प्रहरी महराजगन्ज | | * | * | * | * | | |
| बक्सिङ (महिला) | टेनिसकोर्ट, रंगशाला | | * | * | * | * | * | |
| क्रिकेट | वीरेन्द्र सैनिक विद्यालय र त्रिभुवन विश्वविद्यालय | | * | * | * | * | * | |
| सुटिङ | सुटिङ रेञ्ज, सातदोबाटो | | * | * | * | * | * | |
| भारोत्तोलन (महिला) | जिम हल त्रिपुरेश्वर | | * | * | * | * | | |
| समापन | रंगशाला | | | | | | | * |

# ९ सय ८८ पदक वितरण गरिने




एक साता लामो बृहत् प्रतियोगितामा क्षेत्रगत रूपमा गणना हुने र नहुने खुला स्पर्धा गरी खेलाडीहरूले कुल ९ सय ८८ पदक पाउनेछन्। सबै खेलमा गरी जम्मा २ सय ८९ स्वर्ण, त्यति नै रजत तथा ४ सय १० काश्य पदक वितरण गरिनेछ। त्यसमध्ये क्षेत्रगत रूपमा १ सय ९२ स्वर्ण, त्यति नै रजत र २ सय ९० काश्य पदकका लागि प्रतिस्पर्धा हुनेछ। त्यसमा सर्वाधिक स्वर्ण जित्ने क्षेत्र नै पाँचौं राष्ट्रिय खेलकुदको टिम च्याम्पियन हुनेछ। खुला स्पर्धातर्फ ९७ स्वर्ण, ९७ रजत र १ सय २० काश्यपदकमा भिडन्त हुनेछ।

| खेल | स्वर्ण | रजत | काश्य | कुल |
|---|---|---|---|---|
| फुटबल | २ | २ | २ | ६ |
| एथलेटिक्स | ३८ | ३८ | ३८ | ११४ |
| बक्सिङ | १८ | १८ | ३६ | ७२ |
| तेक्वान्दो | १६ | १६ | ३२ | ६४ |
| कराँते | १६ | १६ | ३२ | ६४ |
| भारोत्तोलन | १५ | १५ | १५ | ४५ |
| भलिबल | २ | २ | २ | ६ |
| टेबलटेनिस | ७ | ७ | १४ | २८ |
| कबड्डी | २ | २ | २ | ६ |
| कुस्ती | ७ | ७ | १४ | २८ |
| ब्याडमिन्टन | ७ | ७ | १४ | २८ |
| उसु | १९ | १९ | ३२ | ७० |
| जुडो | १६ | १६ | ३२ | ६४ |
| बास्केटबल | १ | १ | १ | ३ |
| बुद्धिचाल | १ | १ | १ | ३ |
| ह्यान्डबल | १ | १ | १ | ३ |
| खो-खो | १ | १ | १ | ३ |
| शारीरिक सुगठन | ७ | ७ | ७ | २१ |
| आईटीएफ | २३ | २३ | २२ | ६८ |
| फुल कन्ट्याक | ७ | ७ | १४ | २८ |
| हकी | १ | १ | १ | ३ |
| लन टेनिस | ७ | ७ | १४ | २८ |
| स्क्वास | २ | २ | ४ | ८ |
| क्रिकेट | २ | २ | २ | ६ |
| सफ्ट टेनिस | ६ | ६ | १२ | २४ |
| साइक्लिङ | २ | २ | २ | ६ |
| जिम्न्यास्टिक | १६ | १६ | १६ | ४८ |
| सुटिङ | ८ | ८ | ८ | २४ |
| गल्फ | ४ | ४ | ४ | १२ |
| पौडी | २६ | २६ | २६ | ७८ |
| विलियर्ड-स्नुकर | १ | १ | १ | ३ |
| आर्चरी | ८ | ८ | ८ | २४ |
| **कुल** | २८९ | २८९ | ४१० | ९८८ |

## एएफसी च्यालेन्ज कप छनौट प्रतियोगितामा नेपाल

# अपेक्षित प्रदर्शन, अनपेक्षित हार

**शिव मुखिया**

काठमाडौं– किर्गिस्तान र प्यालेस्टाइनबीच सोमबार भएको खेलमा दुवै टिमले १-१ गोल गरेपछि दशरथ रंगशालाको प्यारापिटमा बसेर खेल हेरिरहेका नेपाली खेलाडीहरू निराश भए। दुवै टिमबीच भएको गोलले नेपालको एएफसी च्यालेन्ज कपको अन्तिम चरणमा पुग्ने सम्भावना क्षीण बनाइदियो। अघिल्लो खेलमा किर्गिस्तानसँग बराबरी खेलेको नेपाललाई अन्तिम चरणमा छानिन प्यालेस्टाइन र किर्गिस्तानबीच गोलरहित बराबरीको खाँचो थियो।

दह्रो आत्मविश्वासका साथ मैदानमा उत्रिएको नेपालले च्यालेन्ज कपमा अपेक्षित नतिजा हासिल गर्न नसके पनि चित्तबुझ्दो प्रदर्शन गर्‍यो। अघिल्लो खेलमा नेपाल १ गोलले अगाडि थियो, तर अन्तिम समयमा विपक्षी टिमले प्राप्त गरेको पेनाल्टी गोलमा परिणत भएपछि खेल बराबरीमा टुंगियो। यसैगरी सोमबारको खेलमा पनि नेपालको यात्रामा पेनाल्टी नै बाधक बन्यो। चाइनिज ताइपेइका रेफ्री यू मिङ हसुनले किर्गिस्तानको पक्षमा पेनाल्टी दिएपछि नेपाली टिममा निराशा छाएको थियो। प्यालेस्टाइनभन्दा पहेंलो कार्ड कम खाएका आधारमा नेपाल समूह 'सी'मा दोस्रो स्थानमा आएको छ।

समूह 'सी' का सबै खेल समाप्त हुँदा सबैको खातामा समान २ अंक थियो। गोलका आधारमा किर्गिस्तान समूह विजेता भएर अन्तिम चरणमा पुग्न सफल भयो। तीन टिममध्येकै कमजोर मानिएको किर्गिस्तान नै अन्ततः समूह 'सी' को विजेता बन्न पुग्यो। प्रतियोगिताको छनौटमा चार समूह छन्। प्रत्येक समूहको विजेताले अन्तिम चरणमा प्रवेश पाउँछन्। डिफेन्डिङ च्याम्पियन भारत, ताजिकिस्तान र उत्तर कोरियाले अन्तिम चरणमा स्वतः प्रवेश पाउनेछन्।

छनौट चरण खेलमा नेपाल ग्रुप 'सी' मा परेको थियो। ग्रुप अप डेथ मानिएको समूह 'सी' मा नेपालसहित किर्गिस्तान, अफगानिस्तान र प्यालेस्टाइन थिए। प्रतियोगितामा अफगानिस्तान सहभागी नभएपछि तीन टिमले मात्र प्रतिस्पर्धा गरेका थिए।

'हामीले राम्रो नतिजा निकाल्न नसके पनि प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गर्न सक्यौं,' राष्ट्रिय टिमका कप्तान राकेश श्रेष्ठले साप्ताहिकसँग भने- 'हामी शारीरिक रूपमा मात्र कमजोर भयौं।' शारीरिक रूपमा बलियो प्यालेस्टाइनी टिमसँग पनि आफूहरूले उत्कृष्ट खेल खेल्न सकेको उनले बताए। किर्गिस्तानसँग पनि राम्रो खेलेको तर प्राप्त अवसरलाई गोलमा परिणत गर्न भने चुकेको कप्तान श्रेष्ठ बताउँछन्।

१३ गतेको पहिलो खेल नेपाल र प्यालेस्टाइनबीच भएको थियो। उक्त खेलमा नेपालले राम्रो खेल प्रदर्शन गरे पनि स्कोर गर्न सकेन। फलतः खेल गोलरहित बराबरीमा टुंगिएपछि दुवै टिमले १-१ अंक बाँडेका थिए।

१५ गते भएको दोस्रो खेल पनि बराबरीमा टुंगियो। १ गोलले अग्रता लिएको नेपालले अन्तिम समयमा विपक्षी गोल खानुपरेपछि खेल बराबरीमा टुंगिएको थियो। विराज महर्जनको लामो फ्रि-किक गोलमा परिणत भएपछि आश्चर्यजनक रूपमा अग्रता लिएको नेपाल खेलको ८५ औं मिनेटमा पेनाल्टीमार्फत गोल खाएपछि जितबाट वञ्चित भयो। यो खेल पनि बराबरीमै रोकिएपछि नेपालले च्यालेन्ज कपको यात्रामा अगाडि बढ्न किर्गिस्तान र प्यालेस्टाइनको खेल नतिजा कुर्नुपर्ने भएको थियो, तर यी टिमबीचको खेलबाट नेपालले अपेक्षा गरेको नतिजा नआएपछि च्यालेन्ज कपमा नेपालको यात्रा रोकिएको हो।

## अन्तर्राष्ट्रिय फुटबलमा उनीहरू देखिनेछैनन्

काठमाडौं– नेपाली फुटबलका सफल स्ट्राइकर नीराजन रायमाझी, मिडफिल्डर वसन्त गौचन र नवीन न्यौपानेलाई अब अन्तर्राष्ट्रिय प्रतियोगितामा देख्न पाइनेछैन। एनआरटीका यी तीन स्टारले अन्तर्राष्ट्रिय फुटबलबाट संन्यास लिएको औपचारिक घोषणा गरेका छन्। एएफसी च्यालेन्ज कपपछि उनीहरूले सोमबार संन्यासको घोषणा गरेका हुन्।

दशरथ रंगशालामा च्यालेन्ज कपअन्तर्गत किर्गिस्तान र प्यालेस्टाइनबीचको खेल मध्यान्तर हुँदा उनीहरूलाई अखिल नेपाल फुटबल संघ (एन्फा) अध्यक्ष गणेश थापाले कोट लगाइदिएर अन्तर्राष्ट्रिय फुटबलबाट औपचारिक रूपमा बिदाइ दिए।

नीराजन नेपाली फुटबलका कीर्तिमानी खेलाडी हुन्। उनले विश्वकप छनौट खेलमा उनले ७ गोल गरेको कीर्तिमान छ। एउटै प्रतियोगिता र विश्वकप छनौटमा ७ गोल गर्ने उनी एक मात्र नेपाली खेलाडी हुन्। त्यसै समयमा नीराजनले मकाउविरुद्धको खेलमा ह्याट्रिकसमेत गरेका थिए। अन्तर्राष्ट्रिय फुटबलमा ह्याट्रिक गर्ने गणेश थापा र नरेश जोशीपछि उनी तेस्रा नेपाली खेलाडी हुन्। सन् २००१ देखि राष्ट्रिय टिममा सामेल भएका नीराजन नेपाली फुटबलका सर्वाधिक सफल स्ट्राइकर हुन्। सन् २००३ को प्रारम्भसम्म निरन्तर राष्ट्रिय टिममा रहेका रायमाझी त्यसपछि जर्मनी लागे। जर्मन जानुअघि नै उनले नेपालका लागि १२ गोल गरिसकेका थिए। त्यहाँबाट फर्केपछि पुनः उनी राष्ट्रिय टिममा सहभागी भए र आफ्नो खेलजीवनलाई निरन्तरता दिए।

वसन्तले सन् १९९७ को पहिलो साफ च्याम्पियनसिपबाट राष्ट्रिय टोलीमा प्रवेश गरेका हुन्। उनी २००१ सम्म नियमित रूपमा रीष्ट्रिय टिममा रहे। काठमाडौंमा भएको आठौं दक्षिण एसियाली खेलकुदबाट चम्किएका वसन्त त्यसपछि खेलजीवन त्यागेर जापान गए। जापानबाट फर्किएपछि उनी राष्ट्रिय टिममा पर्न सकेनन्। हालै सम्पन्न प्रधानमन्त्री कपमा नेपाल नीलोको कप्तानी सम्हालेका वसन्तले आठौं दक्षिण एसियाली खेलकुदमा आ□नो प्रदर्शन जीवनकै उत्कृष्ट रहेको बताए।

नवीनले सन् २००३ को साफ च्याम्पियनसिपदेखि राष्ट्रिय टिमको यात्रा थालेका हुन्। ओमानविरुद्ध विश्वकप छनौट २००७ उनको अन्तिम खेल थियो। अलराउन्डर खेलाडीको परिचय बनाएका नवीनको पोजिसन फिक्स हुन सकेन। लामो समय घरेलु फुटबलमा बिताएका नवीनले अन्तर्राष्ट्रिय फुटबलमा आफूलाई स्थापित गर्न सकेनन्। प्रधानमन्त्री कपमा नेपाल रातोबाट खेलेका नवीन राष्ट्रिय टिमको छनौटमा समेत पर्न सकेनन्।

अन्तर्राष्ट्रिय फुटबलबाट संन्यास लिए पनि यी तीनै जना फुटबलरले घरेलु फुटबलमा आफ्नो सहभागिता कायम राख्नेछन्।



# भोलि भिंड्दै छन् तामाङ सुन्दरी

काठमाडौं– भोलि शनिबार साँझ ५ बजे जमलस्थित राष्ट्रिय नाचघरको रंगमञ्चको पर्दा उघ्रनासाथ २० जना तामाङ सुन्दरीहरू परम्परागत तामाङ वेशभूषामा सजिएर तामाङ भाषाकै एउटा गीतमा सामूहिक नृत्य प्रस्तुत गर्दैछन्। गायिका योगिता मोक्तान तथा एलिमित लामाले 'मिस तामाङ' प्रतियोगिताकै लागि तयार पारेको उक्त गीतमा तामाङ सुन्दरीहरूले आफ्नो परम्परागत शैलीको नृत्य प्रदर्शन गर्न लागेका हुन्।

नेपाल तामाङ कला संस्कृति केन्द्रले आयोजना गर्न लागेको यो कार्यक्रमका लागि विगत डेढ महिनादेखि तयारी गरिरहेका देशका विभिन्न भागबाट प्रतिनिधित्व गर्ने तामाङ सुन्दरीहरू आकर्षक क्याटवाकमार्फत दर्शकसामु प्रस्तुत हुन लागेका हुन्। सामूहिक नृत्यबाट प्रारम्भ हुने प्रतियोगिता परिचयात्मक चरण हुँदै अघि बढ्नेछ। त्यसपछि अर्को सिक्वेन्समा सहभागी सबै सुन्दरीले आफ्नो रोजाइका पहिरन लगाएर क्याटवाक गर्नेछन्। यो सिक्वेन्सबाट एक जना प्रतियोगीलाई मिस बेस्ट ड्रेसको उपाधि प्रदान गरिनेछ। त्यसपछि २० सुन्दरीमध्ये सेमिफाइनल चरणका लागि १० उत्कृष्ट प्रतियोगी छनौट गरिनेछ। उनीहरूलाई निर्णायकले विभिन्न प्रश्नहरू सोध्नेछन्। उनीहरूले दिएको जवाफका आधारमा निर्णायकले अन्तिम चरणका लागि टप फाइभ सुन्दरी छनौट गर्नेछन्। अन्तिम चरणमा एउटा निर्णायक प्रश्नका आधारमा प्रतियोगिताको विजेताको छनौट गरिनेछ। 'मिस तामाङ' को मुकुट पहिरिने प्रतिस्पर्धीले २५ हजार रुपैयाँ हात पार्नेछिन्। फस्ट रनरअप तथा सेकेण्ड रनरअपको उपाधि जित्ने सुन्दरीहरूलाई क्रमश: १५ तथा १० हजार रुपैयाँ प्रदान गरिनेछ। कान्तिपुर टेलिभिजनले प्रत्यक्ष प्रसारण गर्ने यो प्रतियोगिताका विजेतालाई मिस ट्यालेन्ट, मिस पर्सनालिटी, बेस्ट ड्रेस, मिस फोटोजेनिक, मिस फ्रेन्डसिप, मिस बेस्ट वाक, मिस डिसिप्लिन, मिस ब्युटिफूल हेयर, मिस बेस्ट स्किन तथा भ्युअर्स च्वाइसजस्ता उपाधि पनि प्रदान गरिनेछ। साप्ताहिकको समेत सहभागिता रहेको यो प्रतियोगिताको कोरियोग्राफी प्रभा अमात्यले गरिरहेकी छिन्।

# पन्ध्रौं मिस्टर धरान



धरान– धरान फिजिकल फिट्नेस सेन्टरका खेलाडी अनोज शाक्य १५ औं मिस्टर धरान भएका छन्।

नेपालकै जेठो शारीरिक सुगठन प्रतियोगिताको शनिबार सम्पन्न १५ औं संस्करणमा आफ्ना २६ प्रतिस्पर्धीलाई पछि पार्दै ६५ किलोग्राम तौल समूहका अनोजले उपाधिसँगै नगद १३ हजार रुपैयाँ, शिल्ड, मेडल र प्रमाणपत्र हात पारे। २०६३ र २०६४ सालको प्रतियोगितामा लगातार फस्ट रनरअपको उपाधि जितेका अनोजले मिस्टर धरान घोषित भएपछि भने– 'यसपालि उपाधि जित्छु भन्ने कुरामा ढुक्क थिएँ।'

५५, ६०, ६५ र ७० किलोग्राम समूह गरी जम्मा २७ जनाबीच भएको प्रतिस्र्धामा ६० किलोग्राम समूहका मनीष लिम्बू दोस्रो भए। यसै वर्ष सम्पन्न मिस्टर कोसीमा पनि दोस्रो भएका मनीषले नगद ७ हजार मेडल र प्रमाणपत्र तथा तेस्रो भएका ५५ किलोग्राम समूहका विश्वबन्धु जिमीले नगद ५ हजार रुपैयाँ र प्रमाणपत्र पाए।

प्रतियोगिताको चौथो विजेता ६० किलोग्राम तौल समूहका निमेष शाक्य भए। उनले नगद ४ हजार रुपैयाँ र प्रमाणपत्र पाए। त्यस्तै सुरेन तामाङले बेस्ट पोजरको उपाधिसँगै नगद १ हजार रुपैयाँ तथा प्रमाणपत्र पाए।

२०२७ सालदेखि धरानमा शारीरिक सुगठन प्रतियोगिता सुरु भएको थियो। हरेक वर्ष चैतमा यो प्रतियोगिता गर्ने गरिएको आयोजक समितिका सुयोग पाखिनले बताए। उनले भने– 'यसलाई निरन्तरता दिंदै जान्छौं।'

**–गोपाल दाहाल**



मिसटिन कोशीको छनौट : विराटनगरमा हुन लागेको मिसटिन कोशीको छनौट हालै सम्पन्न भएको छ।


युवा स्वरोजगारमा आश्चर्यजनक सफलता
★ Photo-Video पत्रकार बन्न।
★ Photo-Video मा विदेश पढ्न जान।
★ समारोह, विवाह, फिल्म सुटिङ्ग गर्न।
★ म्यूजिक भिडियो तथा स्टुडियो ल्याब संचालन गर्न।
"स्वरोजगार कार्यक्रममा सहभागी भै व्यवसायी बन्न हाम्रा तालिम उपयोगी छन्"
DIGITAL VIDEO-EDITING & ANIMATION
उद्यमशीलता विकास फोटोग्राफी भिडियोग्राफी
नेपालको नं. 1 Study Center (CTEVT द्वारा सम्बन्धनप्राप्त)
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३३१९, ९८४१-३२२७७७

SLC Student 20% Off
TOEFL/IELTS (Free Books, CDs, Lab Practics, Weekly Tests)
Language: English, Chinese, French, German, Korean, Hebrew, Japanese, Spanish, Italian & Others
विशेष व्यवस्था: विदेश जाँने र जान्दै नजान्नेहरुका लागि
Computer: Hardware & Networking
20% Basic, Graphics, WebPage, Office Package, Programming, Account (Tally,Fact,Tata Ex.)
Osish Language & Computer Center (OLC)
New Baneshwor: Tel: 016217094 | Adwait Marg Old Buspark Tel: 4232866 | Lagankhel: Tel: 5004018

अंग्रेजी दुई महिना मै !!!
Free: Books, Audio/Video CDs
Regular Handouts
Daily Listening Class
Focused on Conversation
Free Internet Email course
IELTS Rs. 2000/- only
Free Materials
Library Facilities
Expert Teachers
Study in : UK, USA, Australia, Cyprus
Getway Educational Consultancy, Bagbazar, Kathmandu
Contact: 4239719 4241870

Worldwide Valid Certificate
होटल तालिम
SLC दिएकाहरुलाई हरेकमा २००/- छुट।
▸ कुक १ ½ महिना रू. २७००/-
▸ कुक ३ महिना रू. ३७००/-
▸ वेटर र बारमेन रू. १३००/-
१. 5 star होटलका सेफद्वारा सञ्चालित।
२. थप तालिमको लागि 5 star होटलमा पठाइने।
३. तालिमपछि दुबइ, बहराइन, कतार पठाइने।
४. Abroad Study मा जानेलाई job को लागि चाँडै अवसर मिल्ने होटल तालिम लिनुहोस।
माउण्टेन होटल ट्रेनिङ्ग सेन्टर
चावहिल, गोपीकृष्ण हलको पूर्व गेट संगै
Ph:016212336,9841812055

होटल तालीम
छुटमा (%)
★Cook ★Waiter ★Bakery
★Housekeeping ★Front Office
★Bartender ★Coffee making ★Hotel Mgmt
★F & B Mgmt ★Airlines Ticketing
★Tour & Travel Mgmt ★Care giver
International Air Fares & Ticketing with Abacus, Amadeus, Galileo (International Certificate)
ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसंगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

होटल तथा पर्यटन तालिम
* Tour and Travel Mgmt.
* Tour Operation
* Airlines Ticketing (Manual, Amadeus, Abacus & Galileo)
* Hotel Management
* F & B Management
* Cook
* Front Office
* Bartender
* Housekeeping
* Waiter
* Bakery
* Coffee Making
South Asia Tourism HRD Program मा आधारित तालिम
Compare our quality with the others
सम्पर्क:- सांग्रीला पर्यटन तथा होटल तालिम केन्द्र प्रा. लि.
नयाँ बानेश्वर चोक
(अन्तर्राष्ट्रिय सभा केन्द्रको पानी ट्यांकीको पश्चिम)
स्थापनाको नवौं वर्ष
✆ ४४७२५५३/४४७५११३/०१६९१६३४७

फ्रि !फ्रि !!फ्रि !!!
तालिम पश्चात उत्कृष्ट १० जनालाई १२,००० देखि १५,००० सम्मको जागिर
◆ ३० जनालाई नि शुल्क वेटर तालिम
◆ वेरोजगार र विधार्थीहरुलाई पहिलो प्राथमिकता दिइने
◆ तालिम अवधिभर दैनिक भत्ता रु १०० देखि ३०० सम्म हुनेछ।
Columbia Academy
New Baneshwor, 4781061
9841387697, 9841381416

३ महिनामा ४" उचाइ बढाउने
◆ केश झर्न तुरुन्तै रोकी उमार्ने
◆ १ महिनामा चाहेजती ब्रेष्ट बढाउन र घटाउन
◆ जस्तो सुकै उमेर अनुसार चाउरीपन हटाउन
◆ तीलकोठी, डण्डीफोर, चायापोतोको लागि
◆ १ महिनामा ६ देखि १० किलो मोटोपन घटाउन
◆ प्रेशर, सुगर, ढाड दुखाईको लागि (आयुर्वेदिक उपचार)
◆ ग्याष्ट्रिक, दम, बाथको समस्याको लागि (आयुर्वेदिक उपचार)
नेचुरल हेल्थ केयर
ललितपुर, लगनखेल
पाटन हस्पीटल अगाडी
Tel :01-5550195
Mo:9841556532
शाखा कार्यालय बनेपा 011- 660924


कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित। अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल**।